# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

जातीय तथा वर्ण व्यवस्थाको उत्पति र विकासका सन्दर्भमा आदिम समाजका मानिसहरू जात र कुलमा सबै समान थिए । त्यसैगरी बैदिक कालमा पनि आर्य ब्राह्मण, क्षेत्री र वैश्यमा वर्गीकरण भएको थिएन ऋग्वेदको पहिलो कालमा ब्राह्मण, क्षेत्री र वैश्य तीन वर्ण देखापरे त्यसपछि ऋग्वेदको पछिल्लो कालखण्डमा शुद्रको पनि उत्पति भएको देखिन्छ तर त्यस बेला शुद्र समाजमा तिरस्कृत भएको पाइदैन । वर्ण व्यवस्था पहिले कतै नभएको, बेला भारत वर्षको दक्षिणी भागमा सुरु भएको थियो भन्ने कुरा पुराणमा उल्लेख छ । ऋग्वेद संसार कै पुरानो संकलित ग्रन्थ हो । त्यसैले यो सिङ्गो मानव जातिकै निम्ति ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण छ । ऋग्बेदका सुरुका मण्डलहरूमा कतै पनि वर्ण विभाजनबारे उल्लेख गरेको छैन । तर दशौ मण्डलको अन्त्यतिर चार वर्णको उल्लेख गरिएको छ । त्यस बेला विराट पुरुषको मुखबाट ब्राह्मण, हातबाट क्षेत्री, जाँघबाट वैश्य र खुट्टाबाट शुद्रको उत्पति भएको उल्लेख भएको छ । इ.पु. १२०० तिर प्रारम्भिक रूपमा भएको श्रम विभाजन चार खाले कामका आधारमा समाजलाई छुट्याउन थालिएको थियो । जस्तो ब्राह्मण ज्ञान, शिक्षा बौद्धिक कार्य गर्न, क्षेत्री सैनिक र शासकीय काम गर्ने, वैश्य पशुपालन खेती व्यापार गर्ने, शुद कठिन श्रम र शिल्पकारका काम गर्ने भनि ऋग्वेदमा उल्लेख गरेको भेटिन्छ । यस अर्थमा इ.पू. १००० पछि मात्र वर्णव्यवस्थाको जग बसाइएको थियो । भारतमा आर्यहरूको प्रवेशपछि त्यहाँको  स्थानीय सभ्यता माथि उनीहरूको आक्रमणको क्रम सुरु भयो र आर्यहरूको वर्ण गोरो र अरुको वर्ण रातो, कालो भएकाले आर्यहरूको विजयको क्रम संगसंगै आर्यहरूको अनार्यहरूलाई दासको रूपमा परिणत गर्न सफल भए । तीनै दासहरू शुद्रको रूपमा स्थापित हुन पुगे जस अनुरूप हिन्दु धर्ममा वर्ण व्यवस्थाले व्यापकता पाउदै वर्तमान अवस्थासम्म पुग्यो । त्यसैगरी वर्ण व्यवस्थामा छुवाछुत जस्ता असमान मान्यताहरू समावेश गरी समाजमा दलितहरूलाई जहिले पनि तल्लो दर्जा दिइयो । त्यसैगरी वर्ण व्यवस्थामा छुवाछुत जस्ता असमान मान्यता लादि सकेपछि शुद्रबिच पनि थुप्रै उपजात सृजना गरी पेसैपिच्छे जात उपजातको निर्माण गरी दलितहरू भित्रको एकतालाई पनि कमजोर पार्ने काम गरी समाजका हरेक निकायमा दलितहरूको

सहभागीतालाई बन्देज लगाई उनीहरूलाई समाजमा न्युन हैसियतमा राखियो (आहुती २०६७) ।

यसरी नेपाली समाज पनि ऋग्वेदमा उल्लेख भएकै वर्ण व्यवस्थामा आधारित छ । त्यसको सुरुवात छिमेकी देश भारतबाट भएको र पछि नेपालमा पनि लागु भएको विश्वास गरिन्छ । वर्ण व्यवस्था लिच्छवि कालमा नेपालमा प्रवेश गरेको र त्यसैका आधारमा ब्राम्हण, क्षेत्र, वैश्य, शुद्रका वर्ग विभाजन गरेको भेटिन्छ । यसरी अहिलेको सम्पूर्ण दलित समुदाय शुद्रमा पनि पानी चल्ने र पानी नचल्ने जातमा विभाजन गरेको पाइन्छ । त्यसैगरी नेपालको जातीय विभेदको सन्दर्भमा मल्लकालिन राजा जयस्थिति मल्ल गोरखाका राजा रामशाहले समाज सुधारको नाममा जातीय प्रथाको व्यवस्था गरे भने राणा प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९१० को मुलुकी ऐनमा नै लैङ्गिक छुवाछुत र भेदभावको व्यवस्था गरिएको थियो । यसरी वि.सं. २०२० सालमा मुलुकी ऐनमा यस्तो कार्यलाई समाप्त गर्ने उल्लेख गरे पनि समाजबाट भने हटाउन सकेको स्थिति छैन । त्यसैगरी नेपालको संविधान वि.स.. २०४७ अन्तरिम संविधान २०६३ मा पनि जातीय भेदभावलाई कडा दण्डको व्यवस्था गर्ने कुरा उल्लेख गरेको भए पनि व्यवहारमा भने लागु हुन सकेको छैन (Cameron 2010)।

हिन्दु धर्मको वर्णव्यवस्था अनुसार दलितहरूले मठमन्दिरमा जानु हुँदैन, पाटी, पौवा, पधेरीमा छुनु हुँदैन जस्ता छुवाछुतका मान्यता अझै नेपाली समाजमा विद्यमान छन् । समयको परिवर्तन सँगै यी मान्यताहरूमा केही क्रमिक सुधारहरू भईरहेको अवस्था भने छ । नेपालको विभिन्न सामाजिक, राजनैतिक आन्दोलनको इतिहास हेर्दा विभिन्न समयमा दलित मुद्दाहरू उठाइएका पनि पाइन्छन् । तस त्यसको फाइदा केही सिमित व्यक्तिहरूले मात्र उठाई रहेका छन् । बाँकीको अवस्था खासै सुधार हुन सकेको अवस्था छैन (आहुति २०१०) ।

यसरी सदियौ देखि अन्याय र उत्पीडनको चपेटामा पर्दै आएका दलितहरू राष्ट्रमा निरकुंश पञ्चायती व्यवस्थाबाट प्रजातन्त्र तथा लोकतन्त्रको बहाली गर्दै राज्यको पूर्नसंरचना हुन लाग्दा पनि दलित पिछडिएको जाति प्रति राज्य सचेत नहुँदा पिछडिएका दलितहरू आन्दोलित हुनु कुनै आश्चर्यजनक कुरा होइन । नेपालको परिवेशमा दलित भनेर सम्बोधन गरिने १३ प्रतिशत जनता रहेका छन् । राष्ट्रिय जनगणना वि.सं. २०६८ काअनुसार १०२ जातजाति रहेका छन् भने ती मध्ये ५९ जातिलाई आदिवासी जनजातिको सुचीमा सुचिकृत गरी राखेको अवस्था छ । जसमा २२ वटा जातिलाई दलित समुहमा राखिएको छ । २१ औं

शताब्दीको मध्यतिर आईपुग्दा पनि नेपालमा विभिन्न ठाउँमा विद्यालय खोलिएका भए पनि अझै धेरै बालबालिकाहरू आधारभूत शिक्षा पाउनबाट वञ्चित छन् । त्यसमाथि पनि अझै दलित बालबालिकाहरूको शिक्षामा उपस्थिति एकदम न्यून पाइन्छ ।

दलित अन्तर्गत पनि विभिन्न जातजाति रहेका छन् । जसमा मैले अध्ययन गर्न खोजेको बझाङ्ग जिल्लाको कफलसेरी गा.वि.स. क्षेत्रमा लोहार, भुल, चुनारा, वड आदि छन् । जसमा लोहार, भुल र चुनारा, वड जातिहरू दलित जाति भित्र उच्च जातीय हैसियतमा रहेको पाइन्छन् भने माथिल्ला ब्राह्मण क्षेत्रीहरूको हैसियत अनुसार यी जातिको सामाजिक हैसियत हरके पक्षमा न्यून रहेको पाइन्छ । जसमध्ये यहाँका दलितहरूको फरक फरक पेशा अपनाएको पाइन्छ । जसमा लोहारहरूको भाडाकुडा सम्बन्धी काम, भुलहरूको छाला सम्बन्धी काम, चुनारा जातिको काठ सम्बन्धी काम, वडहरूको उपल्ला जातिको कृषकहरूलाई सघाउने काम गरेको पाइन्छ । तसर्थ यी जातिहरू परम्परागत पेशामा आबद्ध रहेको पाइन्छन् । जसमा बझाङ्ग जिल्लाको कफलसेरी गा.वि.स.का ९ वडाहरू मध्ये वडा नं. १, ४ र ६ बाहेक सबै वडामा दलितहरू छरिएर बसेका पाइन्छन् ।

नेपालको वि.सं. २०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या को १३ प्रतिशत दलितहरूको संख्या रहेको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभाग (२०५८-२०६८) त्यसैगरी कफलसेरी गा.वि.स.मा कुल जनसंखया ७३८१ रहेकोमा ती मध्ये दलितहरूको संख्या ९९७ रहेको पाइन्छ (गा.वि.स. प्रतिवेदन २०७२) । तसर्थ यस गा.वि.स.मा दलित जातिको बसोबास भएकोले यहाँका दलित जातिहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक क्षेत्रमा सहभागिता र हैसियत दलितहरूको सामाजिक हैसियतको निधारण, समय क्रम अनुसार उनीहरको सामाजिक हैसियत र जीवनस्तरमा आएको परिवर्तन तथा उनीहरूले समाजमा खेलिरहेको भुमिका त्यसैगरी उनीहरूको समाजमा निम्न हैसियत हुनुको कारण जस्ता विषयमा यो अध्ययन केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

हिन्दु धर्ममा वर्णव्यवस्था अनुसार केही तल्ला जातको अवस्था र सामाजिक हैसियत फरक देखिन्छ । जसमा दलित जाति अछुत जातिको रूपमा रहेको छ । उसको समाजका विभिन्न निकायहरूमा निम्न हैसियत रहेको पाइन्छ । उपल्ला जाति ब्राह्मण, क्षेत्री र दलितहरूका बिच धेरै विभेद र मतान्तर पाइन्छ राज्यको पुनसंरचना हुन लाग्दा राज्यका

सम्पूर्ण पक्षहरूमा समावेसिक अवधारणाको नारा घन्के पनि त्यसको सदुपयोग र कार्यान्वयन पक्षमा भने प्रभावकारी हुन सकिरहेको स्थिति देखिदैन । नेपालमा युगौदेखि जरा गाडेर बसेको जातीय विभेदले गर्दा दलित जातिहरूको सम्पूर्ण अवस्थालाई नियाल्दा स्वास्थ्य शिक्षा, रोजगारको स्थितिमा किन अन्य जाति सरह आउन सकेनन् राज्यका विविध सुविधाबाट वञ्चित हुनु पर्ने कारण पत्ता लगाई समस्याको समाधान गर्न अध्ययनले सहयोग गर्ने छ । त्यसैगरी विगतका दशकहरूमा नेपाली समाजमा दलित र गैरदलित बिचको विभेद र मतभेदको अवस्था र वर्तमानमा समयसम्म आउँदा त्यसमा आएको परिवर्तन तथा वर्तमान समयमा दलित र गैरदलितहरू बिच रहेको सामाजिक विभेदको अवस्था चित्रण गर्दै दलित जातिहरू समाजका हरेक निकाय शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा पछाडि पर्नुका कारण, राज्यले कानुनी रूपमा नै जातीय विभेदको अन्त्य गरी समावेसिता र सशक्तिकरणको अवधारणा लागु गर्दा पनि समाजमा व्याप्त जातीय विभेद नहट्नु, दलितहरूको अवस्थामा व्यापक परिवर्तन आउन नसक्नु जस्ता विषयहरु दर्शाउन यस अध्ययनले सहयोग गर्ने छ ।। यस अध्ययनमा बझाङ्ग, कफलसेरी गा.वि.स. अन्तर्गतका वडा नं. २, ३, ५ मा बसोबास गर्दै आएका दलितहरूको सामाजिक, शैक्षिक, आर्थिक, राजनैतिक साथै राज्यका हरेक क्षेत्रमा उनीहरूको उपस्थिति जस्ता विविध पक्षमा देखिएको समस्याको अध्ययन गरी समाजमा उनीहरूलाई कसरी अन्य जाति सरह स्थापित गर्न सकिन्छ । कसरी उनीहरूको चेतनामा अभिवृद्धि गर्न सकिन्छ, समाजमा उनीहरूलाई सामाजिक, आर्थिक, राजनैतिक, लैङ्गिक तथा अन्य विकासका क्षेत्रमा कसरी स्थापित गर्न सकिन्छ आदि बारे अध्ययन गरी अन्य जाति सरह राष्ट्रिय मूलधारमा दलितहरूलाई कसरी स्थापित गर्न सकिन्छ भन्ने विषयमा खोज गर्नु नै यस अध्ययनको मुख्य आसय रहेको छ ।

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरु निम्न रहेका छन् :

- दलित जातिको शैक्षिक अबस्था र शिक्षा प्रतिको अबधारणा कस्तो रहेको छ?
- दलित जातिको सांस्कृतिक, चालचलन, रितिरिवाज, परम्परा कस्तो रहेको छ ?
- दलित जातिको सामाजिक, राजनैतिक र आर्थिक अवस्था कस्तो रहेको छ ?
- दलित जातिको सामाजिक भूमिका र हैसियत के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

उद्देश्य विना कुनै पनि प्रस्तावना तथा योजना गन्तव्य स्थानमा पुग्न सक्दैन । उद्देश्यले नै अपेक्षित तथा योजनागत कुरालाई निष्कर्षमा पुऱ्याउने कार्य गर्दछ । अनुसन्धान कार्यबाट अनुसन्धानकर्ताले कुनै नयाँ ज्ञान, मूल्य, मान्यता तथा व्याख्या तुलना सिद्धान्त वा के प्राप्त गर्न खोजेको हो सो कुरालाई स्पष्टसँग राखिने हुँदा यस अध्ययन कार्यमा निम्न उद्देश्य राखेर अध्ययन गरिएको छ ।

१. दलित जातिको समाजमा स्थापित हैसियत बारे अध्ययन गर्नु ।

२. छुवाछुतको अवस्थामा आएको परिवर्तन र छुवाछुतले दलितहरूको जीवन स्तरमा पारेको प्रभाव बारे अध्ययन गर्नु ।

## १.४ अनुसन्धानको महत्त्व

हाम्रो देश नेपाल बिभिन्न जातजाति भाषाले भरिएको बहुजाति तथा बहुभाषिक, बहुसास्कृति मुलुक हो । यस अन्तर्गत यहाँ विभिन्न किसिमका सामाजिक, सांस्कृतिक परम्परागत र ऐतिहासिक आफ्नै मौलिकपना झल्किने पहिचान बोकेका विभिन्न जातजाति रहेका पाइन्छन् । जस मध्ये दलित जाति पनि एक महत्त्वपूर्ण आफ्नै परम्परागत मौलिकपना बोकेको जाति हो । यसर्थ विषयगत दृष्टिकोणले समाजशास्त्र तथा मानवशास्त्र विषय एक आफैमा विभिन्न सामाजिक र मानविय विविधता र संस्कृतिको अध्ययन गर्ने विषय भएकोले विषयगत दृष्टिकोणबाट पनि समाजमा रहेका दलितहरूको अध्ययन एउटा महत्त्वपूर्ण अध्ययन हो । तसर्थ हाम्रो समाजमा रहेका दलित जातिको सामाजिक, सांस्कृतिक अवस्था र उनीहरूको समाजमा निर्धारण गरिएको भूमिका र हैसियतको तथा धार्मिक हिसाबले सामाजिक कार्यमा कसरी दलितहरू वञ्चित रहेका छन् र उनीहरूको जीवनस्तरमा यसको प्रभाव जस्ता कुराहरूको अध्ययनले समर्ग दलित जातिको वास्तविक तस्वीरको सबै झलक पुष्टाउन नसकिए पनि समसामुहिक रूपमा हिन्दु धर्म अन्तर्गत रहेको वर्णव्यवस्था अन्तर्गतका दलित जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक पक्षहरू समान हुने भएकाले थोरै मात्र भए पनि समग्र नेपाल भरीका दलित जातिहरूको बारेमा केही तथ्यहरू पुष्ट्याउन वा बुझ्न यस अध्ययनको विशेष महत्त्व हुनेछ भन्ने महशुस गरेको छु र यस अध्ययनले समग्र देश भरिका दलितहरूको वास्तविकता झल्काउन पनि महत्त्वपूर्ण भूमिका रहनेछ ।

दलित जाति एक विभिन्न हिन्दु समाजमा समयको कालखण्डदेखि नै शोषित र पडित रहदै आएको र उसको जहिले पनि सामाजिक हैसियत न्यून नै पारिएको अवस्थामा यस अध्ययनले दलित जातिको सामाजिक भूमिका र हैसियतमा समय अनुसार आएको परिवर्तन र उनीहरूको सामाजिक हैसियत न्यून पारी अन्य जातीय वर्गहरूले उनीहरूलाई कसरी शोषण गरिरहेका छन् जस्ता विषयमा अध्ययन गरी दलित समस्यालाई पहिचान गर्न यस अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्ने छ । यसैगरी जातीय शोधकर्ता र जातीयमूलक खोज गर्ने विभिन्न अनुसन्धानकर्ता र संघ संस्थालाई पनि यस अध्ययनबाट सहयोग पुग्ने हुँदा यस अध्ययनको भिन्नै महत्त्व रहेको ठान्दछु ।

## १.५ अध्ययनको क्षेत्र

कुनै पनि अनुसन्धानमा अध्ययनको क्षेत्र निर्धारणले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । अनुसन्धान कार्यमा अध्ययनको क्षेत्र निर्धारण नहुँदा अध्ययन क्षेत्र आवश्यक भन्दा ठुलो हुन जान्छ । जसले गर्दा अनुसन्धान कार्यलाई प्रभावित र असफलतातिर लैजान्छ । तसर्थ यस अध्ययनका मैले निश्चित क्षेत्र निर्धारण गरी गहिरो अध्ययन गर्ने प्रयास गर्ने छु । दलित जातिहरू नेपालको पूर्व मेचीदेखि पश्चिम महाकाली र हिमाल, पहाड र तराई सबै क्षेत्रमा छरिएर रहेको पाइन्छन् । जसमा नेपालको पश्चिम भाग दलित जातिहरूको बढी बसोबास रहेको क्षेत्र पनि हो । यसरी व्यापक क्षेत्रमा बसोबासु गरेका सम्पूर्ण दलित जातिहरूको विविध पक्षका बारेमा अध्ययन गर्न यो सानो अध्ययउनमा सम्भव नहुने हुँदा यस अध्ययनको अध्ययन क्षेत्रको रूपमा यस कफलेसरी गा.वि.स.का दलित जातिको सामाजिक, सांस्कृतिक र आर्थिक जस्ता क्षेत्रमा उनीहरूको पहुँच र उनीहरूको समाजमा स्थापित हैसियत त्यसैगरी समाजमा दलित जातिको न्यून हैसियत हुनुका कारण जस्ता विषयवस्तुमा आधारित रहेको छ । त्यसैगरी यो अध्ययन यिनै क्षेत्र भित्र सिमित रहेको छ ।

## १.६ अध्ययनको सिमा

कुनै पनि अनुसन्धानकर्ताले कुनै पनि विषयको अनुसन्धान गर्दा उसको सिमा निर्धारण गर्नु पर्ने आवश्यक हुन्छ । अनुसन्धानका सबै पक्षहरूलाई एकै पटक समेट्न सम्भव हुँदैन र त्यसरी सबै पक्ष समेट्न खोज्दा अनुसन्धान प्रभावकारी नहुन पनि सक्दछ । साथै अनुसन्धानमा लागत खर्च र समयको ख्याल गर्नु पर्ने हुन्छ । तसर्थ यो अध्ययन यस कफलसेरी गा.वि.स.का दलित जातिको समाजमा स्थापित भूमिका र हैसियत उनीहरूको

समाजमा रहेको न्यून सहभागिता, दयनिय अवस्था र उनीहरूको सामाजिक हैसियत न्यून हुनुका कारणहरू जस्ता पक्षको प्रतिनिधित्व नगरेर पनि यस गा.वि.स.का दलितहरूको यथार्थ जानकारी उपलब्ध गराउने छ । त्यसैगरी यो अध्ययनको सिमा भित्र यस गा.वि.स.का दलित जाति मात्र पर्ने छन् ।

# अध्याय दुई

## साहित्य पुनरावलोकन

On the Edge of the Auspicious (Cameron 1998) को एक Lower, Caste Women को अध्ययन गरिएको पुस्तक हो । जसको अध्ययन क्षेत्र सुदुरपश्चिम नेपालको बझाङ्ग जिल्लाको भलारा रहेको छ । यस अध्ययन क्षेत्रमा रहेका दलित अथवा तल्लो जातिका मानिसहरू त्यसमा पनि विशेष गरी दलित महिलाहरूको अवस्था, तिनीहरूको परिवारमा सामाजिक क्रियाकलापमा भूमिका र त्यस समाजमा रहेका मानिसहरूको अन्तर जातीय सम्बन्धको बारेमा चर्चा गरिएको छ ।

जसमा भनिएको छ नेपाल एक हिन्दु बाहुल्ले समाज हो । हिन्दु समाजमा मानिसहरूलाई विभिन्न तहगत जातीय विभाजन गरिएको छ । जस अन्तर्गत उच्चजातका मानिसहरूको सामाजिक हैसियत र भूमिका पनि उच्च रहने गर्दछ र निम्न जातका मानिसहरूको सामाजिक हैसियत पेशा, वेवसाय र भूमिका पनि त्यही अनुरूप न्यून मानिने गर्दछ । यस अध्ययन क्षेत्रका माथिल्लो जातका ब्राह्मण, क्षेत्रीहरूले दलितहरूलाई हरेह क्षेत्रमा दवाएर राखेको पाइन्छ । जसरी माथिल्लो जातका मानिसहरूले तल्लो जातका मानिसहरूलाई दवाएर राखेका छन् । त्यसैगरी महिला र पुरुषमा पनि त्यही किसिमको विभेद पाइन्छ । पुरुषहरूले महिला माथि जहिले पनि शासन जमाएको पाइन्छ । भनिएको छ यो जातीय र लैङ्गिक विभेद एक दुर्गम र ग्रामीण तथा अशिक्षित समाजमा मात्र सिमित नभएर नेपालको राजधानी काठमाडौं जस्ता सहरहरूमा र त्यसको आसपासका क्षेत्र र हिन्दु समाजहरूमा पनि प्रयाप्त पाइन्छ । नेपालका सहरी समाजदेखि दुर्गम र ग्रामीण समाजहरूमा विभिन्न किसिमको जातीय, असमानता र त्यस अन्तर्गत पनि सामाजिक आर्थिक सांस्कृतिक जस्ता तमाम मतभेद र असमानताहरू प्रयाप्त रूपमा पाइन्छन् ।

On the Edge of the Auspicious(Cameron 1998) का अनुसार बझाङ्ग जिल्लाको भलारा गाउँमा जमिनको वितरण र त्यहाँको खेती, किसानीको बारेमा वर्णन गरिएको छ । यस अध्ययन क्षेत्रमा रहेका अधिकांश जमिनमा त्यहाँ बसोबास गर्ने ठकुरी जातको स्वामित्व रहेको पाइन्छ । त्यस ठाउँमा भूमिपति ठकुरीहरू रहेका छन् भने अन्य जातका मानिसहरू सित जमिनको मात्रा कम पाइन्छ । त्यसमाथि पनि त्यस ठाउँमा रहेका दलित अथवा तल्लो जातका मानिसहरूसँग एकदम कम जग्गा जमिन रहेको पाइन्छ ।

जसको अर्थ त्यस अध्ययन क्षेत्रमा जमिनको एकदम असमान वितरण पाइन्छ । माथिल्लो जातका मानिसहरू सित जमिनको मात्रा बढी हुनु र तल्लो जातका अथवा दलितहरू सित जमिन एकदम कम मात्रामा पाइन्छ । जुन परम्परागत रूपमा नै वर्षौंदेखि त्यहाँका ठकुरी लगायतका ठुला जातका मानिसहरूको जमिनमा आधिपत्य पाइन्छ ।

भलारा गाउँमा बसोबास गर्ने ठकुरी जातका मानिसहरू भुमिपति हुनु र त्यहाँका दलित बासिन्दाहरू सित जमिनको मात्रा कम हुनु । जुन जमिनबाट त्यहाँका दलितहरूको दैनिक गुजारा गर्न पनि समस्या भएकाले उनीहरू माथिल्लो जातका मानिसहरूको जमिन अथवा खेतवारीमा काम गर्न जाने उनीहरूको खेत जोति दिने र त्यहीबाट उनीहरू आफ्नो परिवारको गुजारा टार्ने गरेको पाइन्छ । जसमा दलितहरूले जति मात्रामा माथिल्लो जातका भुमिपतिहरूको जमिनमा मजदुरी गर्दछन् । त्यसको एकदम न्यून मुनाफा मात्र आर्जन गर्ने गर्दछन् भने त्यस ठाउँमा रहेका दलित सित जमिनको मात्रा एकदम कम हुनु र माथिल्ला जातका मानिसहरू सित जमिन प्रसस्त हुनुले पनि त्यहाँका दलितहरू परनिर्भर बन्नु परेको अवस्था देखाइएको छ । साथै त्यहाँका दलितहरूमा परम्परादेखि हिन्दु समाजले लाध्दै आएको एक भाग्यवादी चिन्तन पनि पाइन्छ । आफु अछुत गरिब, भुमिहिन हुनु र आफले माथिल्लो जातिका मानिसहरूको सेवा आदर गर्नु उनीहरूकोमा मरिमेटि काम गरेर पनि उनीहरूसित मागेर गुजारा गर्नुलाई त्यहाँका दलितहरूमा धार्मिक र भाग्यवादी चिन्तन बोकेको अवस्था पनि बुझिन्छ । जसमा उनीहरू आफ्नो भाग्यलाई दोस थुपारेर चित्त बुझाउन बाध्य छन् ।

On the Edge of the Auspicious (Cameron 1998) का अनुसार, तल्लो जातका महिलाहरूमा रहेको कलात्मक सिप र उनीहरूले गरिरहेको कामको बारेमा चर्चा गरेकी छिन् । तल्लो जात दमाई, वादी, लुहार, लगायतका जातका महिलाहरूमा कलात्मक सिपहरू रहेको पाइन्छ । जसमा दमाइ जातिका महिलाहरू लुगा कपडा सिलाउनमा दक्ष देखिन्छन् र उनीहरूको पेशा नै लुगा कपडा सिलाउने पाइन्छ । दलित महिलाहरू माथिल्लो जातका मानिसहरूको घरघरमा गएर तिनीहरूका लुगा कपडाहरू सिलिदिने पुराना कपडाहरूको मर्मत गर्नुको साथै नयाँ कपडाहरू सिलि दिन्छन् । बढी जसो दमाई महिलाहरू चाडपर्वका बेलामा व्यस्त देखिन्छन् । जसमा चाडपर्वको बेला लगायत अन्य समयमा पनि माथिल्लो जातका मानिसहरूको घरमा गएर लुगा कपडा सिलि दिने र त्यसको साटोमा उनीहरूबाट दैनिक उपभोग्य वस्तु धान, गहुँ, तरकारी, दाल जस्ता खाद्य पदार्थहरू मागेर आपनो परिवारको आवश्यकता पूर्ति गर्ने गर्दछन् । त्यसैगरी दलित मध्यको अर्को जात हो,

लोहार । लोहारहरूको पेशा फलाम लगायतका धातुहरूको काम गर्ने रहको छ । उनीहरू विभिन्न किसिमका घरायसी पर्योजनका भाडाकुडाहरू बनाएर माथिल्लो जातका मानिसहरूलाई दिएर त्यसको साटो दैनिक गुजारको निम्ति खाद्य पदार्थ, लुगाकपडाहरू मागेर आफ्नो र आफ्नो परिवारका आवश्यकता पूर्ति गर्ने गर्दछन । यस अर्थमा दलितहरू सीपगत दक्ष भएर पनि माथिल्लो जातका मानिसहरूमा निर्भर रहनु परेको छ । र उनीहरूको सीपको सही सदुपयोग हुन सकेको छैन ।

समर्गमा भन्नु पर्दा दलित अथवा तल्लो जातका मानिसहरूमा विभिन्न किसिमको सिपगत दक्षता पाइन्छ उनीहरू कलात्मक दक्ष छन् । तर पनि माथिल्लो जातका मानिसहरूमा निर्भर रहनु पर्ने अवस्था छ । उनीहरूको परम्परागत गर्दै आएको काममा सिपगत दक्षता छ । तर त्यो सिपको सही सदुउपायोग हुन सकेको अवस्था छैन आफुमा भएको सिपहरूलाई माथिल्लो जातका मानिसहरूको आवश्यकता पूर्तिमा मात्र सिमित रहेको र त्यहीबाट आफ्नो दैनिक जोहो गर्नमा मात्र सिमित पाइन्छन् ।

Dalits of Nepal (Cameron 2010) का अनुसार, नेपालका दलितहरूको अवस्था र दलित उत्थानका प्रयासहरू बारे उल्लेख गरेकी छिन् । जुन नेपालमा जाति पनि दलित उत्थानका प्रयासहरू र दलित उत्थान सम्बन्धी संघ संगठनहरूका निर्माण भए । त्यो भन्दा पहिला भारतमा विभिन्न राजनीतिक संगठनहरूले आवाज उठाए, दलित उत्थान सम्बन्धी विभिन्न संगठनहरूको गठन भए पश्चात् मात्र ती प्रयासहरू गरिएको पाइन्छ । जस्तै : Nepal Human Right Commission, National Dalit Commission Rastriya Nepal Dalit Jana Vikash Parishad लगायतका संगठनहरूको गठन र नेपाली राजनीतिक पार्टीहरूले पनि पछिल्लो समयमा आएर मात्र मानविय विभेद, छुवाछुत विरुद्ध आवाजहरू उठाएको पाइन्छ। साथै नेपालको दलित सम्बन्धी विभेद र समस्या वर्तमान समयको मात्र नभई सतिऔं देखि चल्दै आएको जुन नेपालको बाइसे चौबिसे राज्य अगावै यो प्रथा व्याप्त रहेको र पछिल्लो समयमा आएर विभिन्न शाहवंशी राजाहरू लगायत राणा प्रधानमन्त्रीहरूले जातीयवादलाई विभिन्न जात जाति र वर्णमा विभाजन गरी लिखित दस्तावेजको रूपमा नै स्थापित गरेको पाइन्छ । जसमा दलितहरूलाई भन्ने ब्राह्मण, ठकुरी, क्षेत्रीको तुलनामा तल्लो अछुत जातिको रूपमा स्थापित गरी उनीहरूलाई समाजका विभिन्न पाटामा शोषण गरिदै आएको कुरा उल्लेख गरिएको छ । पश्चिम नेपालको बझाङ्ग र दैलेख जिल्लाको अध्ययनमा त्यहाँका दलितहरू सामाजिक, आर्थिक, शैक्षिक जस्ता विषयमा अन्य ब्राह्मण

क्षेत्रीको तुलनामा एकदम पछाडि रहेको पाइन्छन् । दलितहरू भूमिहिन र आर्थिक पछौटेपनाको कारण ब्राह्मण, क्षेत्रहरूमा परनिर्भर रहनु परेको र उनीहरूमा रिथि माग्ने परम्परा व्याप्त देखिन्छ । साथै जुन जातीय भेदभाव देखिन्छ । त्यसको मूल जड धर्म र धार्मिक मान्यता रहेको पाइन्छ । हिन्दु धर्म अनुसार नै समाजलाई विभिन्न जातजाति र वर्णमा विभाजन गरी ती अलग अलग जातिका मानिसहरूको आ-आफ्नै पेशा, व्यवसाय र संस्कृति र मान्यताहरू रहेको पाइन्छ । त्यही अनुरूप नै सामाजिक मान्यता, परम्परा र समाज चल्दै आएको पाइन्छ । जसमा धार्मिक मान्यता अनुसार जातीय विभेद मात्र व्याप्त नभई लैङ्गिक विभेद पनि त्यतिकै पाइन्छ । जसरी दलितहरू माथिल्लो जाति ब्राह्मण, क्षेत्रीहरूको अधिनमा आश्रित छन् । ठिक त्यही अनुरूप महिलाहरू पनि पुरुषहरूको अधिनमा रहेका र पुरुषहरूमा आश्रित रहेको पाइन्छन् । साथै नेपालको ग्रामीण समाज र सहरी समाजको तुलना गर्दा ग्रामीण भेगमा रहेको जातीय विभेद र लैङ्गिक विभेदको तुलनामा सहरी समाजमा केही खुकुलो र सहज पाइएता पनि सहरी समाज पनि जातीय, लैङ्गिक विभेद र असमानता जस्ता कुरामा अछुत नरहेको कुरा यस अध्ययनमा उल्लेख गरिएको छ ।

Dalits of Nepal ( Folmar 2010) ले दलित पहिचान र दलि सशक्तिकरण त्यस्तै राज्यका विविध निकायहरूमा दलितहरूको उपस्थिति लगायतका कुराहरू उल्लेख गरेका छन् । वि.सं. २००७ सालभन्दा पूर्व नेपालमा दलित सशक्तिकरण मुद्दाहरूले खासै स्थान पाउन सकेन । जसका फलस्वरूप पुरानो परम्परागत रुढिवादी सामाजिक परम्परा, मूल्य र मान्यतालाई नै कायम राख्ने अवस्था मात्रै देखियो । तसर्थ २००७ सालको प्रजातन्त्रको प्राप्ति पश्चात् दलित मुद्दाहरूले विस्तारै स्थान पाउन थाले त्यसै अनुरूप प्रजातन्त्रको स्थापना पश्चात् स्थापित विभिन्न राजनीतिक संगठन लगायतले दलित स्वतन्त्रता, दलित सशक्तिकरण र समावेसिता लगायतका विषयहरू उठाउँदै आए । जातीय विभेद सम्बन्धी विभिन्न सभा, सम्मेलन, आन्दोलनसम्म पनि हुन पुगे त्यसैगरी विभिन्न सरकारी गैरसरकारी, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत् पनि जातीय विभेद विरुद्ध आवाजहरू उठ्न थाले । त्यसै अनुरूप नेपालमा विभिन्न समय समयमा जारी संविधानमा पनि दलित हक, हितनका कुराहरू उल्लेख गरिए । सरकारी तवरबाट पनि छुवाछुत जातीय भेदभाव विरुद्ध दण्ड सजाय जस्ता व्यवस्थाहरू गरिए । तथापि उल्लेखिन विभिन्न प्रयासहरूका बाबजुत पनि जुन समाजमा परम्परागत रूपमा जरा गाड्दै आएको जातीय विभेद, छुवाछुत, भेदभाव

जस्ता कुरुती र विसङ्गतीहरू हट्न सक्ने तमाम आधारहरू भएनन् । त्यसैगरी जुन कानुनी रूपमा जातीय विभेद सम्बन्धी कुराहरू पनि कागजमा मात्रै सिमित रहन गए । त्यसैगरी विभिन्न राजनीतिक संगठनहरूले जातीय छुवाछुत  र विभेद सम्बन्धी उठाएका मुद्दाहरू पनि नारामा मात्रै सिमित रहन गए र राजनैतिक संगठनहरूले केवल आफ्नो फाइदा र सफलताका लागि मात्रै ती मुद्दाहरू उठाएको जस्तो देखियो भने नेपालमा सक्रिय रहेका NGO र INGO हरूको उपस्थिति पनि त्यति प्रभावकारी बन्न नसकेको कुरा उजागर गरिएको छ । जुन अवसरहरू राज्यबाट दलितहरूलाई दिइएको छ । विभिन्न संघ संगठनहरूले दलितहरूको उत्थान र सशक्तिकरणका लागि दिएको सेवा सुविधामा पनि विपन्न, शोषित, पिडित दलितहरूले प्राप्त नगरेर, टाठा बाठा र पहुँचवालाहरूले मात्रै ती विभिन्न निकायबाट उपलब्ध सेवा सुविधा र सहुलियतको उपयोग गरिरहेको कुरा उल्लेख छ ।

जुन विभिन्न संघ, संगठन, सरकारी निकाय कानी प्रावधानका कुराहरूले अपेक्षा अनुरूप जातीय विभेद जस्ता कुराहरूमा परिवर्तन ल्याउन नसकिएता पनि गतिसिल समाजको परिवर्तन स्वरूप अनुरूप विस्तारै मानिसहरूमा विकास हुँदै गएको शिक्षाको स्तर र चेतनाको विकाससँगै समय अनुरूप जातीय विभेद जस्ता कुराहरूमा परिवर्तन र विकास हुँदै गएको र सामाजिक मूल्य मान्यता र आस्थामा पनि परिवर्तन समय सापेक्ष रूपमा हुँदै गइरहेको छ । जसको फलस्वरूप दलितहरू पनि समाजमा खुलेर पेशा व्यवसाय गर्न र राज्यका हरेक निकायमा आफ्नो उपस्थिति जनाउन सहज भइरहेको कुरा उल्लेख गरिएको छ ।

नेपालमा वर्णव्यवस्था र वर्ग सङ्घर्ष (आहुती २०1०) मा उल्लेख भए अनुसार संसारकै पुरानो धर्मग्रन्थ ऋग्वेद जुन आर्यहरूद्वारा रचित ग्रन्थ हो । जसमा आर्यहरूको पाँचहजार वर्ष अघि देखिको प्रचलित धारणा सङ्कलित छ । ऋग्वेदका दश मण्डल मध्ये दशौ मण्डलमा बेदव्यासकालीन धारणा र मान्यता भएको मानिन्छ । ऋग्वेदका अघिल्ला मण्डलका ऋचामा कुनै पनि वर्ण व्यवस्थाको उल्लेख नभएको र पछिल्लो दशौ मण्डलमा पुगेपछि मात्र त्यस विराट पुरुषको मुख ब्राह्मण, हात क्षेत्री, जाँध वैश र खुट्टा शुद्र थिए भनि उल्लेख गरेको भेटिन्छ । त्यस अर्थमा इ.पू. १००० पछि मात्र वर्णव्यवस्थाको जग बसाइएको थियो । भारतमा आर्यहरूको प्रवेश पछि त्यहाँको स्थानीय सभ्यता माथि उनीहरूको आक्रमणको क्रम सुरु भयो र आर्यहरूको वर्ण गोरो र अरुको वर्ण रातो, कालो भएकोले

आर्यहरूको विजयको क्रम सँगसँगै आर्यहरूको अनआर्यहरूलाई दासको रूपमा परिणत गर्न सफल भए । तिनै दासहरू शुद्रको रूपमा स्थापित हुन पुगे । जस अनुरूप हिन्दु धर्ममा वर्णव्यवस्थाले व्यापकता पाउँदै वर्तमान अवस्थासम्म पुग्यो । त्यसैगरी वर्णव्यवस्थामा छुवाछुत समेत समावेश गदा शुद्रको एउटा हिस्सालाई मात्र अछुत बनाइए पनि समयको कालक्रममा अछुत बेशसँग रक्त सम्बन्ध राख्ने व्यक्ति तथा जनसमुहलाई अछुत मान्य प्रक्रिया स्थापित भयो । त्यस्तै शुद्र बिचको वर्गीय एकतालाई कमजोर पान  वर्णव्यवस्था अर्न्तरगत जात उपजात स्थापना गर्ने काम गरियो । त्यसैले शुद्र बीच वर्गीय एकल र शुद्र दास तथा वैश्य बीचको एकतालाई फुटको श्रृङ्खलामा धकेल्नु नै वर्णव्यवस्थामा प्रथा लादियो । वर्णव्यवस्थामा छुवाछुत स्थापित भैइसके पछि 'शुद्र' बीच थुप्रै उपजातमा सिर्जना हुन पुगे । पेसैपिच्छे जात बनेर तीनको एक आपसमा स्थान तलमाथि राख्न थालियो । त्यसैगरी नेपालमा वर्णव्यवस्थाको इतिहास हेर्दा आजको भारतमा ब्राह्मण धर्म (हिन्दु धर्म) को थालनी हुँदा नेपालमा मङ्गोल मूलका विभिन्न जाति रहन्थे र उनीहरू प्रकृतिपुजक थिए जहाँवर्णव्यवस्था थिएन । एक इसाको दोस्रो शताबदीको थालनीसँगै वर्णव्यवस्था नभएको किराँत राज्यको पतन भयो र तत्कालिन नेपालमा भारतबाट प्रवेश गरेका हिन्दु धार्मिक लिच्छवि वंशको शासन सुरु भयो । लिच्छिविकालको सुरुमै वर्णव्यवस्थाको थालनी गरियो र वर्णव्यवस्थालाई अगाडि बढाउदै सन् ६०० समयमा छुवाछुत समेत भित्र्याइयो । त्यसपछिका विभिन्न शासकहरूका शासनकालमा वर्णव्यवस्थालाई निरन्तरता दिंदै छुवाछुत प्रथा र जातीय प्रथालाई अझ बढी प्राथमिकता र मजबुत पार्दै निरन्तरता दिने क्रम जारी भएको कुरा उक्त लेखमा उल्लेख गरिएको छ ।

हिन्दु समाजमा दलित मुक्तिको प्रश्न (आहुती २०१०) का अनुसार नेपाल एक हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता भएको मुलुक हो । नेपालको कुल ८१ प्रतिशतभन्दा बढी मानिसहरूले हिन्दु धर्म मान्य गर्दछन् । जसमध्ये हिन्दु धर्म अन्तरर्गत वर्णव्यवस्थाले समयको पूर्वाध देखि नै व्यापकता पाएको पाइन्छ । जस अन्तगृत जातीय व्यवस्थालाई चार भागमा विभाजन गरेको पाइन्छ । (१) ब्राह्मण, (२) क्षेत्री, (३) वैश्य, (४) शुद्र । यी चार जात मध्ये पनि विभिन्न समुह र उपसमुहहरू रहेका पाइन्छन् । जसमध्ये शुद्र अथवा दलित जाति सबैभन्दा तल्लो स्थरको जात मानिन्छ । दलितहरू अछुत मानिएका छन् । उनीहरूको समाजमा पेशागत विभाजन पनि अरुको भन्दा भिन्नै र निम्न स्तरको पाइन्छ । त्यस्तै दलित जातिलाई नेपालमा अथवा हिन्दु समाजमा निम्न हैसियत दिएको पाइन्छ र उनीहरूलाई

समाजमा दबाएर राख्ने र हरेक अवसरबाट वञ्चित गराइएको पाइन्छ । तसर्थ हिन्दु वर्णव्यवस्थाको जटिलताको वास्तवमा विश्वकै झण्डै २० प्रतिशत जनसंख्या रहेको हिन्दु समाजको सामाजिक प्रगतिलाई अड्काइरहेका छ । यसरी हिन्दु धर्मको वर्णव्यवस्था समयको पुर्वाधदेखि नै क्रमबद्धरूपमा व्यापकता पाउँदै अगाडि बढ्यो र वर्णव्यवस्थामा छुवाछुतलाई समावेश गर्दा शुद्रको एउटा पक्ष मात्रै अछुत बनाइए पनि कालक्रममा त्यो पक्ष अथवा हिस्सा मात्रै अछुत नरहेर त्यो वंशसँग रक्त सम्बन्ध राख्ने फोहोर मानिसका पेशा गर्ने, राज्यद्वारा सजाय स्वरूप जात घटाउनमा परेका लगायतका अछुतीकरणमा राखियो । त्यसैगरी स्वयम् शुद्र बीचको वर्गीय एकतालाई कमजोर पारी उनीहरू बीच पनि भेदभावको शृङ्खला सिर्जना गर्दै जातीय व्यवस्थाले व्यापकता पाउदै वर्तमान समयसम्म आइपुग्यो । तसर्थ नेपालमा लिच्छवि वंशको शासन कालदेखि नै वर्णव्यवस्थाको थालनी भयो । जुन पछिल्लो समयमा आएर गोरखाका राजा राम शाह (सन् १६०५-१६३६) ले वर्णव्यवस्थालाई बलियो पार्न चार वर्ण छत्तीस जातको व्यवस्था कायम गरेका थिए । साथै वर्ण व्यवस्थालाई अझै बलियो र प्रभावकारी बनाउने क्रममा विभिन्न शाहवंशी राजा लगायत राणा प्रधानमन्त्रीहरूले त झनै लिखित दस्तावेजको रूपमा स्थापित गरी मूर्त रूप दिए । त्यस्तै जङ्गबहादुर राणाले मुलुकी ऐन १९१० को स्थापना गरी कानुनी प्रावधानको सुरुवात गरे तर उक्त मुलुकि ऐनमा पनि वर्णव्यवस्थालाई अझ बढी प्रोत्साहन गरेको पाइन्छ । तसर्थ भन्न सकिन्छ कि नेपाल लगायतका हिन्दु समाजमा जरा गाड्दै आएको वर्णव्यवस्थालाई समय क्रम अनुसार मजबुत पार्ने काम शासक वर्गहरूबाट नै भएको पाइन्छ । जसबाट उनीहरूको शासन सत्ता सुरक्षित, मजबुत र आफु अनुकल बनोस् ।

दलित समस्या, राजनीति र अर्थतन्त्र (मिश्र २०१०) ले उल्लेख गरेका छन कि, आदिम समाजमा मानिसहरू जात र कुलमा सबै समान थिए । मानिस बिचमा असमानता तथा भेदभाव थिएन । पछि बिस्तारै विभिन्न राज्यको उदयसंगै शासकहरूले वर्ण व्यवस्थामा आधारित विभेद र असमान नीति र परम्परालाई राज्य संरचनाको आधार मानी हाम्रो समाजको ठुलो हिस्सा (दलित, महिला, जनजाती) कमजोर पक्षलाई शोषण गरी रह्यो । त्यसैगरी राज्यका तत्कालिन शासकहरूले विभिन्न धार्मिक, जातीय र सांस्कृतिक नाममा तल्लो जातका दलितहरूलाई विभिन्न बहानामा शोषण गरी रहे । तर पनि समय समयमा असमानता र विभेद हटाउन शोषित पक्षबाट विभिन्न प्रयासहरू नभएका पनि होइनन् । त्यस्तै विभिन्न कुराको अपर्याप्तताको कारण अपेक्षित उपलब्धी वर्तमान समायसम्म प्राप्त

हुन सकेको अवस्था छैन  जसको कारण यस हिन्दु समाजमा रहेको वर्ण व्यवस्थाको कारण यहा तल्लो जाती भनिने दलित लगायतका जातीको जीवनस्तर दिनानुदिन दयनिय बन्दै गइरहेको अवस्था छ र  उनीहरू शिक्षा, स्वास्थ्य लगायत समाजका विभिन्न निकायमा सहभागी हुनबाट बञ्चित गरिएको पाइन्छ । हिन्दु धर्मको वर्ण व्यवस्थाको कारण दलित जातीहरू उपल्ला जातीहरूबाट विभिन्न कुरामा शोषित, पिडित र अपहेलित रहेका छनु । जसले गर्दा उनीहरूको स्वतन्त्रतामा आंच आउने गरेको पाइन्छ । यस्ता विभेदकारी नीति र सामाजिक कुसंस्कार विरुद्धमा पछिल्लो समय प्रजातन्त्रको स्थापना वि.स. २००७ सालपछि राज्यपक्षबाट विभिन्न कानुनी रूपमा पहलहरू गरिएका पाइन्छन । त्यसैगरी वि.स. २०४७ को संविधान, वि.सं. २०६३ को अन्तरिम संविधान लगायतमा दलितहरूका हकहित सम्बन्धी मुद्धाहरूलाई समेटेर कानुन बनाएता पनि वर्तमान समयसम्म पनि पुर्ण रूपमा समाजमा सबै नागरिक समान हुन सकेको अवस्था छैन ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययनको क्षेत्र छनोटको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानका लागि निश्चित क्षेत्र छनोटको आवश्यकता पर्दछ । समग्र क्षेत्रको अध्ययन गर्न सम्भव नहुने भएकाले कुनै निशिचत क्षेत्र छनोट र त्यसको औचित्यको पुष्टि अपरिहार्य हुन्छ । तसर्थ दलित जातिहरू नेपालको सबै क्षेत्रमा छरिएर बसेका छन् र सम्पूर्ण नेपाल भरिका दलितहरूलाई अध्ययन भित्र समेट्न सम्भव नभएकोले यस अध्ययनको अध्ययन क्षेत्र बभ्फाङ्ग जिल्लाको कफलसेरी गा.वि.स.लाई छानिएको छ । यस गा.वि.स.को वडा नं. २, ३, ५ मा दलित जातिको बसोबास रहेको छ र यिनै वडाहरू मा अध्ययनलाई सिमित गरिएको छ । यस गा.वि.स.लाई नै अध्ययन क्षेत्र छनोट गर्न मैले यस कारण आवश्यक ठानेको छु कि यस गा.वि.स.मा बसोबास गर्ने दलित जातिका मानिसहरूसँग आफु परिचित रहेको र यस क्षेत्रमा हालसम्म पनि जातीय विभेद र असमानता व्याप्त रहेको पाइन्छ । त्यसैगरी यस गा.वि.स.का दलित सम्बन्धी कुनै पनि समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन नभएकोले यस क्षेत्रमा बसोबास गर्ने दलितहरूो अध्ययन गरी तिनीहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक पक्षमा जानकारी हासिल गरी त्यस क्षेत्रमा व्याप्त समस्याको पहिचान र समाधानका उपयाहरूको खोजी गर्न चाहेको छु ।

## ३.२ अनुसन्धान ढांचा

यस क्षेत्रमा दलित जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक जस्ता पक्षमा रहेको पहुँच, उनीहरूको सामाजिक सहभागिताको अवस्था, समयको गतिशिलतासँग यस क्षेत्रमा विभेदमा आएको परिवर्तन र दलितहरूको समाजमा निर्धारित हैसियत सम्बन्धी थाहा पाउन अथवा जानकारी हासिल गर्न अन्वेषणातमक अनुसन्धान ढाँचाको प्रयोग गरेको छु ।

## ३.३ तथ्याङ्को स्रोत

कुनै पनि अवस्था घटना तथा अध्ययन अनुसन्धानमा सुचनाहरूको संकलन गर्नको लागि यस जातिगत अध्ययन सम्बन्धी निम्न दुई वटा स्रोतबाट तथ्याङ्क ंकलन गर्न सकिन्छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनमा दलित जातिको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक पेशागत आदि विवरण प्राप्त गर्नको लागि अध्ययन गर्दा अध्ययन क्षेत्रमा गई स्वयम् आफैले संकलन गरी दलित जातिको सामाजिक स्तरबारे अध्ययन गरिएकोछ ।

### ३.३.२ द्वितीय स्रोत

अध्ययन कार्यलाई प्रभावकारी बनाउन त्यस क्षेत्रका दलित जातिसँग सम्बन्धित लेखिएका विभिन्न किसिमका पुस्तक पत्रपत्रिका, लेखरचना, शोधपत्र लगायतका उपलब्ध सामग्रीहरूको पनि अध्ययन गरी आवश्यक तथ्याङ्कहरूको प्रयोग गरिएकोछ ।

## ३.४ तथ्याङ्क संकलन विधि

अध्ययन कार्यलाई व्यवस्थित पारदर्शी वैध तथा उद्देश्य मुखी बनाउनको लागि अध्ययनका साधनको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । तसर्थ यस अध्ययनलाई प्रभावकारी बनाउन आवश्यक तथ्याङ्क संकलनको लागि निम्न विधिको प्रयोग  गरिएकोछ ।

### ३.४.१ अवलोकन

अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलनका निम्ति अवलोकन विधिलाई महत्त्वपूर्ण विधिको रूपमा लिइएकोछ । यो विधिबाट संकलित तथ्याङ्क बढी प्रभावकारी र सत्य तथ्य हुने हुँदा यो विधिलाई यो अध्ययनमा अपनाइएको छ ।

शोधकर्ता स्वयम् अध्ययन क्षेत्रको स्थानीय भएको हुँदा यो विधिलाई सो क्षेत्रका दलित जातिको सामाजिक सांस्कृतिक अवस्था झल्किने विभिन्न क्रियाकलापहरू जस्तै खानपिन चाडपर्व, पहिरन, पूजाआजा, चालचलन आदिको तथ्याङ्क संकलन गर्न प्रयोग गरिएकोछ । दलितहरूको सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक जस्ता विषयमा

समयाअन्तर सँगै आएको परिवर्तन के कस्तो छ र उनीहरूको वर्तमान सामाजिक अवस्था कस्तो रहेको छ भन्ने बारेमा स्पष्ट हुन यो विधि प्रयोग गरिउकोछ । यसरी शोधकर्ता स्वयम्ले देखे भोगेका कुराहरूलाई समेत लेखर प्रस्ट्याउने प्रयास गरिएकोछ ।

### ३.४.२ अन्तरवार्ता

अन्तरवार्ता पनि प्राथमिक तथ्याङ्क संकलनको एक महत्त्वपूर्ण विधि हो । अध्ययनसँग सम्बन्धित प्रत्येक व्यक्तिसँग प्रत्यक्ष सम्पर्क राखी अन्तरवार्ता लिन सम्भव नहुने हुँदा सोही अध्ययनबाट सबै क्षेत्र र सबै तहका व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी नमुना छनोट विधिको माध्यमबाट नमुना छनोट गरी अन्तरवार्ता लिइएको छ । अन्तरवार्ता लिदा अनुसन्धानकर्ता स्वयम्बाट प्रश्नहरू सोधिएको छ । अन्तरवार्ता दिदा निम्न दुई तरिकाहरू अपनाईएको छ ।

#### १. संरचित अन्तरवार्ता

संरचित अन्तरवार्तामा सोधिने प्रश्नहरू पहिले नै निश्चित गरिएको हुनेछन् तसर्थ यस विधिको प्रयोग गर्दा अध्ययन उद्देश्यमुखी हुने ठानेको छु । यस विधिको माध्यमबाट विषयवस्तुभन्दा बाहिरी अनावश्यक प्रश्नमा नियन्त्रण हुने र उद्देश्यमुखी प्रश्न पूर्वनिर्धारित हुने हुँदा यस विधिको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कहरू बढी विश्वसनीय हुने गर्दछन् र संरचित अन्तरवार्ता समाजका क्रियाशिल वृद्ध, वृद्धा, घरमुली, अशिक्षित, शिक्षित सबै क्षेत्र र स्तरका व्यक्तिहरूलाई समेट्ने गरी  उद्देश्यमुलक नमुना छनोट विधि द्वारा अध्ययन क्षेत्रमा पर्ने जम्मा ८३ घरधुरीमा बसोबास गर्ने ५६६ जना व्यक्तिहरू मध्येबाट २० जना व्यक्तिहरूलाई छनोट गरी अन्तरवार्तामा सहभागी गरिएको छ । त्यसैगरी यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क संकलनका लागि विविध पक्षमा पहिले नै प्रश्ननहरू तयार पारी शोधकर्ता स्वयम् अध्ययन तथ्याङ्क संकलन गरिएको छ ।

#### २. असंरचित अन्तरवार्ता

असंरचित अन्तरवार्ता संरचित जस्तो नियन्त्रित हुँदैन । त्यसैले आफूलाई चाहिने तथ्याङ्क संकलन गर्न आवश्यक ठानेका प्रश्न सोध्न सकिनेछ । संरचित अन्तरवार्ताबाट प्राप्त गर्न नसकेका कुरा यसबाट पाउनका साथै अन्तरवार्ता दलित सम्बन्धी ज्ञान भएका समाजका वुद्धिजीवि वर्ग, शिक्षित वर्ग लगायत संरचित अन्तरवार्तामा नमुनाको

माध्यमाट छनोट गर्दा अन्तरवार्तामा सहभागी गराउन नसकेका व्यक्ति र अध्ययनका लागि प्रश्न सोध्न आफूलाई उपयुक्त लागेका केही व्यक्तिहरू मध्य बाट ५ जना व्यत्तिहरु लाई प्रश्न सोधि तथ्याङ्क संकलन गरिएको छ। त्यसैगरी यस विधिबाट समय र परिस्थिति अनुसार प्रश्नहरू फेरबदल गरी अध्ययनसँग सम्बन्धित अन्य विधिबाट प्राप्त गर्न नसकेका तथ्याङ्कहरू प्राप्त गर्न शोधकर्ताले सम्बन्धित व्यक्तिहरूसँग प्रत्यक्ष रूपमा अन्तरवार्ता लिई आवश्यक र उपयुक्त तथ्याङ्कहरू संकलन गरिएको छ।

### ३.४.३ नमुना छनोट

प्रस्तुत अध्ययन बझाङ्ग जिल्लाका विभिन्न गा.वि.स.मा छरिएर बसेका दलित जातीमध्ये कफसेरी गा.वि.स. वडा नं. २, ३, ५ लाई अध्ययन क्षेत्र बनाइएको छ । यस अध्ययनमा दलित जातीको सम्पूर्ण सामाजिक स्थिति, समाजमा उनीहरूको स्थापित हैसियत र समाजमा जातीय विभेदको इतिहासबारे जानकारी लिन उद्देश्यमुलक नमुनाको आधारमा जम्मा ८३ घरधुरीमा अवस्थीत ५६६ जना व्यक्तिहरूमध्येबाट २० जना व्यक्तिहरूलाई अध्ययनसंग सम्बन्धित केही प्रश्नहरू सोधिएकोछ । यसरी नमुना छनोट गर्दा त्यस ठाउमा उपस्थित सम्पूर्ण घर धुरी र जनसंङ्ख्याको प्रतिनिधित्व हुने गरी छनोट गरिएको छ ।त्यसैगरी यस अध्ययनलाई अझै प्रभावकारी वनाउनको लागि विभिन्न पेशागत कार्य, सामाजिक, सांस्कृतिक पक्षसँग सम्बन्धित ब्यत्ति तथा निकायहरूलाई पनि नमुना छनोट गर्दा समेट्ने प्रयास गरिएको छ।

## ३.५ विश्वसनियता र प्रमाणिकता

प्राथमिक तथ्याङ्क संकलन गर्दा प्रयोग गरिएका विभिन्न विधिहरू जस्तै अवलोकन, अन्तरवार्ता, आदि लिदा प्राप्त हुने तथ्याङ्कह बढी विश्वसनिय र प्रमाणिक हुन् भन्नका लागि अध्ययन विषयसँग सम्बन्धित प्रश्नहरूमा जोड दइएको छ । साथै द्वितीय तथ्याङ्क पनि लिइएको छ । प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा पनि पटक पटक केलाएर विश्वसनियता र प्रमाणिकतामा जोड दिइएको छ।

## ३.६ तथ्याङ्क विश्लेषण

यो शोधपत्रलाई व्यवस्थित बनाउन आवश्यक परेको ठाउँमा सांख्यिकिय विधिलाई प्रयोग गरिएकोछ र अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्कलाई एक एक गरेर केलाउनुका साथै तथ्याङ्कको विश्वसनियता एवं शुद्धतालाई एकिन गरेपछि मात्र तथ्यगत नतिजा निकाल्ने प्रयास गरिएकोछ । अध्ययनको मुख्य उद्देश्य सो क्षेत्रका दलित जातिहरूको सामाजिक सांस्कृतिक लगायतका क्षेत्रमा रहेको पहुँच र समाजमा दलित जातिको स्थापित हैसियत सम्बन्धी जानकारीमूलक विवरण तयार गर्ने भएकोले उनीहरूको बारेमा उपलब्ध हुन सक्ने तथा उनीहरूको बारेमा जानकारी गराउन उपयोगी हुन सक्ने सबै विषयहरूको उचित विवरण दिने प्रयास गरिएको छ ।

# अध्याय चार

# ठाउँ र सामाजिक सांस्कृतिक वनावट

## ४.१ अध्ययन क्षेत्रको परिचय

अध्ययन क्षेत्रको सन्दर्भमा विवेचना गर्दा सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती अञ्चलको विकट जिल्ला बझाङ्गको विकट गा.वि.स. कफलसेरी हो । यस जिल्लाको भौगोलिक सिमाना पूर्वमा बाजुरा र हुम्ला जिल्ला पर्दछन भने पश्चिममा बैतडि र दार्चुला जिल्ला साथै उत्तरमा चिनको स्शासित क्षेत्र तिब्बत अवसथित छ त्यस्तै दक्षिणमा डोटि जिल्ला पर्दछ । त्यसैगरी यस बझाङ्ग जिल्ला अर्न्तगतको कफलसेरी गा.वि.स.यस अध्ययनको अध्ययन क्षेत्र रहेको छ । यो गा.वि.स.को कुल क्षेत्रफल ४२२६६७५५ वर्ग मिटरमा फैलिएको छ । यो गा.वि.स. बझाङ्ग जिल्लाको पश्चिमि भागमा रहेको गा.वि.स. हो र यस गा.वि.स.ले पश्चिम र उत्तरमा दार्चुला जिल्लालाई छोएको छ भने दक्षिणमा बैतडि जिल्ला र पूर्वमा छिमेकी गा.वि.स.पिपलकोटसंग जोडिएको छ । यस अध्ययनको अध्ययन क्षेत्र रहेको यो कफलसेरी गा.वि.स. बझाङ्ग जिल्लाको पश्चिम भागको अन्तिम सिमानामा रहेको एक विकट गा.वि.स. हो ।

राष्ट्रिय जनगणना २०६८ सालको तथ्याङ्क अनुसार कुल जनसंख्या १,६७,०२६ रहेको छ । यस जिल्लामा कुल २८५८८ परिवार रहेका छन् भने प्रति परिवार संख्या ५.८ रहेको छ । त्यस्तै प्रति वर्ग किलोमिटर सरदर जनघनत्व ४९ रहेको बझाङ्ग जिल्लामा जनसंख्या वृद्धि दर १.८ प्रतिशत छ । साक्षरता प्रतिशत ३८ रहेको यस जिल्लामा महिलाको अनुपातमा पुरुष बढी साक्षर छन् । त्यसैगरी यस अध्ययनको अध्ययन क्षेत्र रहेको कफलसेरी गा.वि.स.को वडा नं. १ देखि वडा नं. ९ सम्मका वडाहरूभित्र जम्मा ६५ वटा मुख्य बस्तीहरू छन भने केही स-साना अन्य बस्तीहरू पनि छरिएर रहेका छन् र यस गा.वि.स.को कुल जनसंख्या ७३८१ रहेको छ जसमा सबैभन्दा बढी क्षेत्री ६११२, ब्राह्मण २७२ जना र दलित ९९७ जनाको बसोबास रहेको छ ।

## ४.२ जनसङ्ख्या र बसोबास

जिल्ला सदरमुकाम चैनपुरबाट २४ कोष टाढा रहेको कफलसेरी गा.वि.स. विभिन्न जातजाति बाहुन, क्षेत्री, दलित (लोहार, भुल, बोड, पार्की, चुनारा आदि) आदि बसोबास गर्दछन् । विशेष गरेर क्षेत्रीहरूको बाहल्यता भएको यस क्षेत्रमा दलितहरू जनसङ्ख्याको हिसाबले दोस्रो नम्बरमा रहेका छन् तापनि दलितहरू पिछडिएको जाति अन्तर्गत पर्दछन् । प्रारम्भिक कालदेखि नै समाजमा ब्राह्मण विधा तल्लो जातिको पढ्नु हुँदैन भन्ने मान्यता प्रजातन्त्रको स्थापना पछि पनि दलितहरू विद्यालयमा पढ्न जाने अवस्था कम्जोर भएको र कारण यिनीहरू शिक्षा, सामाजिक, आर्थिक क्षेत्रमा पछि पर्दै गएको विश्लेषण गर्न सकिन्छ । दलित जातिहरू समाजमा अछुत जातिको हैसियतमा अवस्थित रहेका छन् । यसरी दलितहरूलाई समाजका हरेक क्रियाकलापमा सहभागी नगराई उनीहरूलाई टाढा राखिएको र यही सामाजिक मान्यताबाट नै दलितहरूको हैसियत समाजमा न्यून रहेको कुरा यस अध्ययनबाट देखिन आउँछ । प्रमुख पेशाको रूपमा कृषिलाई अंगालि आएका यस गा.वि.स.का मानिसहरूले सहायक पेशामा नोकरी, व्यापार, काठको काम, घर निर्माण, ज्याला मजदुरी गरिरहेका छन् । त्यस्तै आफूले अपनाएको पेशाबाट वर्षभरि खानलाई नपुगे पछि जिविको पार्जन गर्न यहाँका मानिसहरू भारतका विभिन्न ठाउँमा जाने गरेका छन् । मुख्य पेशा कृषिलाई लिएता पनि खेतीपातीको लागि खेती योग्य जमिन कम हुँदा वृद्धि भईरहेको जनसङ्ख्यालाई अपुग भइरहेको देखिन आउँछ ।

यसरी सामाजिक र सांस्कृतिक रितिरिवाज, चालचलन पनि हिन्दु धर्म अनुसार निर्देशित भएकाले यहाँका प्रमुख चाडपर्व, दशै, तिहार, चैते दशै, माघे संक्रान्ति, विषुपर्व आदि रहेका छन् । त्यस्तै भेषभुषाको कुरा गर्दा लोग्ने मानिसहरू कोट, पैन्ट, सर्ट, दौरा सुरुवाल, कुर्ता आदि प्रयोग गर्दछन् भने महिलाहरू चोली, गुन्यु, गादो, सारी, ब्लाउज, कुर्ता सुरुवाल आदि लगाउँछन् । त्यसैगरी महिलाहरूको पहिरनमा नाक, कान, घाटी, हात, खुट्टामा लगाउने विभिन्न सुन र चादिका गरगहनाहरूको प्रयोग गर्दछन् । यसरी यहाँका घरहरू ढुङ्गा, काठले निर्माण गरिएका छन् भने घरका छाना खर, घाँस र स्लेट, पत्थरले छाएका छन् । घरलाई आकर्षक बनाउन, सेतो तथा रातो माटोले पोत्ने चलन पनि रहेको छ । घरहरू कच्ची र पक्की दुई तरिकाबाट निर्माण गरिएका छन् । जहाँ २/३ तले बनाएर सबैभन्दा मुनिको तलामा गाई/गोरु, भैसी, बाख्रा तथा पशुहरूलाई राख्ने गरिन्छ भने माथिका अन्य तलामा बसोबास गर्ने चलन रहेको छ ।

यसरी जनसंख्याको दृष्टिकोणमा यस गा.वि.स.मा पुरुष र महिलाको संख्यामा केही तल माथि भए पनि बराबर नै देखिन्छ । उमेरगत आधारमा बुढाबुढीभन्दा पनि केटाकेटीको संख्या बढी रहेको छ । जसलाई तालिकाबाट हेर्न सकिन्छ ।

**तालिका १**

**कफलसेरी गा.वि.स.को वडागत जनसंख्या र घरधुरीको विवरण**

| वडा नं. | महिला जनसंख्या | पुरुष जनसंख्या | जम्मा | घरधुरी |
|---|---|---|---|---|
| १ | १८१ | १७३ | ३५४ | ६० |
| २ | ५०७ | ५०७ | १०१४ | १४४ |
| ३ | ३५३ | ३५८ | ७११ | १०६ |
| ४ | ३९९ | ४०७ | ८०६ | ११३ |
| ५ | ४८४ | ४८० | ९६४ | १५७ |
| ६ | २५३ | २४७ | ५०० | ७९ |
| ७ | ६२३ | ६५३ | १२७६ | १८७ |
| ८ | ४३५ | ४२३ | ८५८ | १२६ |
| ९ | ४४६ | ३५२ | ८९८ | १५७ |
| जम्मा | ३६८१ | ३७०० | ७३८१ | ११२९ |

स्रोत : गा.वि.स प्रतिवेदन २०७२ ।

प्रस्तुत माथिको तालिकाबाट कफलसेरी गा.वि.स.को जनसंख्या विवरण वडागत आधारमा अध्ययन गर्दा सबैभन्दा बढी वडा नं. ७ मा महिला ६२३ पुरुष ६५३ गरी जम्मा १२७६ जनसंख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या वडा नं. १ मा महिला १८१ र पुरुष १७३ गरी जम्मा ३५४ रहेको पाइन्छ र सम्पूर्ण वडाको जनसंख्या हेर्दा महिलाहरूको जनसंख्या ३६८१ र पुरुषहरूको जनसंख्या ३७०० रहेको छ जसमा महिलाहरूको संख्या भन्दा पुरुषहरूको संख्या १९ जनाले बढी रहेको पाइन्छ ।

## ४.३ दलित जातिको सामाजिक तथा सांस्कृतिक पक्षहरू

कुनै जातिको वास्तविक अवस्था थाहा पाउनको लागि तिनीहरूको सामाजिक सांस्कृतिक एवं आर्थिक तथा शैक्षिक अवस्था बारे जानकारी लिन आवश्क पर्दछ । यही

कुरालाई मध्यनजर गरी यस अध्ययनमा खास गरी दलित जातिको सामाजिक, सांस्कृतिक पक्षबारे प्रकाश पारी उनीहरूको समाजमा स्थापित हैसियत बारे चर्चा गर्ने प्रयत्न गरिएको छ । जस अन्तर्गत जनसंख्या, जातीय विभेद, चाडपर्व, धर्म, संस्कार, चालचलन, रितिरिवाज, वैवाहिक स्थिति परम्परा, पारिवारिक संरचना, महिला सशक्तिकरण, सामाजिक र राजनीतिक चेतना आदि पक्षबारे अध्ययन गरिएको छ ।

### ४.३.१ दलित जातिको परिचय

नेपाल र नेपालीको अस्तित्त्व प्राचिन समयदेखि नै रहेको प्रमाणित भई सकेको छ । विभिन्न धर्म ग्रन्थ पुराण र ऐतिहासिक सिलालेखले यस कुरालाई प्रमाणित गरेका छन् कि प्राचिन समयदेखि नै नेपाल बहुजाति, बहुभाषी र बहु धर्मालम्बीहरू भएको देशको रूपमा रहेको तथ्यलाई यहाँ रहेका, आर्य, मंगोलियन र मिश्रित किसिमका जातजातिहरूले स्पष्ट पारेका छन् । मनुस्मृतिमा जातीय व्यवस्था बारे उल्लेख गरेको पाइन्छ । जातीय व्यवस्थालाई पनि कामको आधारमा वर्गीकरण गरेर पुनः जात उपजातको नयाँ व्यवस्था, विभिन्न अवस्थाका राजा महाराजाहरूले गरेको देखिन्छ । त्यस्तै नेपालको चार जाति मध्ये शुद्र जाति अथवा दलित जाति पनि एक हो । दलितहरूको उद्‌गम स्थल कहाँ हो ? नेपालमा यिनीहरूको बसोबास कहिले देखि भएको हो ? भन्ने सन्दर्भमा निश्चित प्रमाणहरू प्राप्त भएको छैन भन्दा अत्युक्ति नहोला 'आहुती' का अनुसार, शुद्र जाति आर्य समूहभित्र पर्ने जाति हो, आर्यहरू जो गरिब छन् जसले कृषि पेशालाई व्यवस्थित ढंगबाट संचालन गर्न जानेका थिएनन् । तिनीहरूकै समुहकलाई शुद्र जातिमा राखी अन्य उपल्लो आर्यहरू कै सेवा गर्ने स्याहार सुसार गर्ने, दास वर्गको रूपमा राखेको पाइन्छ । त्यसैगरी यस जातिको उत्पत्ति सन्दर्भमा हिन्दुहरूको ग्रन्थ ऋग्वेदमा भनिएको छ कि, शुद्र जाति विराट पुरुषको पैतला ( गोडा) बाट उत्पति भएको हो, यसरी आर्य समूहको एक शाखाको रूपमा नै खसहरू भएको पाइन्छ । खस अन्तर्गत ब्राह्मण, क्षेत्री, जस्ता माथिल्लो जातको साथै दमाई, सार्कि, ओखेडा, लुहार, चुनारा, भुल आदि पनि पर्दछन् ।

### ४.३.२ दलित जातिको जनसंख्या

समाजमा हरेक तहमा अछुत (पानी नचल्ने) भनि नामाकरण गरी समाजमा विभिन्न क्षेत्रमा पिडित जाति दलितहरूले राष्ट्रको कुल जनसंख्याको १३ प्रतिशत जनसंख्या ओगटेका

छन् । अधिराज्यको भौगोलिक विभाजनको आधारमा पहाड, तराई तथा हिमाल सबै क्षेत्रमा छरिएर रहेका छन् ।

यसरी बझाङ्ग जिल्लाको विभिन्न गा.वि.स.मा छरिएर रहेका दलित जाति मध्ये कफलसेरी गा.वि.स. मा बसोबास गर्दै आएका दलितहरू पनि पुर्खौपुर्खादेखि जिविकोपार्जन गर्दै आइरहेका छन् । यस मध्ये अध्ययनमा कफलसेरी गा.वि.स. वडा नं. २, ३, ५ का दलित जातिको जनसंख्या विवरण निम्न प्रकार उल्लेख गरिएको छ ।

**तालिका २**

**दलित जातिको जनसंख्या विवरण**

| वडा नं. | महिला जनसंख्या | पुरुष जनसंख्या | जम्मा |
|---|---|---|---|
| २ | ७१ | ६० | १३१ |
| ३ | १६० | १७५ | ३३५ |
| ५ | ५६ | ४४ | १०० |
| जम्मा | २८७ | २७९ | ५६६ |

स्रोत : गा.वि.स प्रतिवेदन २०७२ ।

प्रस्तुत तालिकाको विश्लेषण गर्दा कफलसेरी गा.वि.स.का वडा नं. २, ३, ५ को दलित जातिको जनसंख्या जम्मा ५६६ रहेको छ भने सबैभन्दा बढी वडा नं. ३ मा ३३५ जसमा महिलाको संख्या १६० र पुरुषको संख्या १७५ रहेको छ भने सबैभन्दा कम दलित जनसंख्या वडा नं. ५ मा १०० रहेको छ । लैङ्गिक अनुपातमा केही तलमाथि भए पनि महिला र पुरुषको संख्यामा धेरै अन्तर पाइदैन प्रायः उस्ताउस्तै देखिन्छ ।

### ४.३.३ दलित जातिको पारिवारिक संरचना

परिवार मानव समाजको एक आधारभूत एकाइ हो किनभने व्यक्ति, परिवारमा जन्मन्छ, परिवारमा नै हुर्कन्छ र उसलाई शिक्षा दिक्षा दिने र समाजमा समायोजित हुन योग्य बनाउने काम पनि परिवारमा नै हुने गर्दछ । यस अर्थमा परिवार मानव समाजको एक सार्वभौमिक संस्था हो, परिवार परिवारका सदस्यहरूको समुच्च अभिव्यक्ति हो, परिवार समाज निर्माणको जग पनि हो ।

परिवार भनेको पत्नि र पतिको धेरथोर स्थायी संगठन हो जसमा तिनीहरूको छोराछोरी होस् वा नहोस् एक स्त्री वा पुरुष एक्लै पनि आफ्नो छोराछोरीसँग बस्दछन् भने त्यसलाई परिवार भनिन्छ । त्यस्तै परिवार सामाजिक इकाइ मात्र नभई जैविक इकाइ पनि हो, परिवारमा श्रीमान्, श्रीमती बीच यौन सम्बन्ध राख्न, बालबच्चा जन्माउनका लागि पनि सामाजिक अनुमति प्राप्त भएको हुन्छ । यसरी फरक-फरक सामाजिक सांस्कृतिक, मुल्य मान्यता एवं भौगोलिक वातवारण अनुसार पारिवारिक स्वरूप पनि फरक-फरक नै हुन्छन् जस अन्तर्गत एकल परिवार र वृहत परिवार पर्दछन् । स्थलगत अध्ययनको क्रममा दलित जातिको पारिवारिक स्वरूप मुख्य तथा निम्न दुई आधारमा विभाजित रहेको छ ।

**तालिका ३**

**दलित जातिको पारिवारिक स्वरूप**

| क्र.सं. | परिवारको स्वरूप | परिवार संख्या |
|---|---|---|
| १. | एकल परिवार | ३६ |
| २. | संयुक्त परिवार | ४७ |
| | जम्मा | ८३ |

स्रोत : गा.वि.स प्रतिवेदन २०७२ ।

तालिकाको पारिवारिक संरचनाको विश्लेषण गर्दा दलित जातिको पारिवारिक संरचना जम्मा ८३ परिवार मध्ये ३६ परिवार एकल परिवारमा बसोबास गरी आएका छन् भने बाँकी ४७ परिवार संयुक्त परिवारमा बसोबास गरिआएको देखिन्छ । जसमा एकल परिवारभन्दा पनि बढी संयुक्त परिवारको संख्या स्थलगत सर्वेक्षणबाट स्पष्ट देखिन्छ ।

### ४.३.४ महिलाहरूको स्थिति

हाम्रो समाज पितृसत्तात्मक अवधारणाबाट चलिरहेको एक पुरुष प्रधान समाज हो । पुरुषको प्रभुत्वलाई महिलाहरूले सहनु पर्ने बाध्यता तितो यथार्थ हो, यसर्थ महिलाको हैसियत कुनै पनि क्षेत्रमा पुरुष सरह हुने कुराको कल्पना गर्न पनि सकिदैन तर जाति विशेषको आधारमा महिलाहरू माथि भेदभावको मात्राको भने कम वेसी रहेको निश्चित नै रूपमा देख्न सकिन्छ । दलित जातिका महिलाको हैसियत, अन्य ब्राह्मण, क्षेत्री समुदायका भन्दा तुलनात्मक रूपमा त्यति भेदभाव रहेको पाइदैन । यसरी त दलित जाति नै एक समाजको न्यून हैसियतमा रहेको अछुत जाति हो । तैपनि समाजका निकायहरूमा दलित जातिका महिला र पुरुषको अवस्था न्यून हैसियत रहेता पनि दलितहरूको परिवार भित्र भने लैङ्गिक विभेद अन्य ब्राह्मण, क्षेत्रीको तुलनामा कम रहेको पाइन्छ । यसरी दलित जातिका पुरुषहरू खेतीपाती गर्ने, भारी बोक्ने, भाडावर्तन बनाउने, लुगा सिलाउने, ज्याला मजदुरी गर्ने, विदेश गएर नोकरी गर्ने जस्ता आर्थिक उपार्जन हुने गतिविधिहरूमा संलग्न हुन्छन् भने महिलाहरू घरायसी काम, बच्चाको हेरचाह, साहुको खेतिवारीमा घाँस दाउरा मेलापात आदि गतिविधिहरूमा तल्लिन रहेका पाइन्छन् । ब्राह्मण क्षेत्री समुदायमा जस्तो महिलाहरूलाई घरायसी काममा पुरुषले नसघाउने र घर बाहिरको कामहरू पुरुषले मात्र गर्नुपर्ने अवस्था दलित समुदायमा देखिदैन । दलित समुदायमा घरायसी काममा पुरुषले सघाइरहेका हुन्छन् भने घर बाहिरको काममा महिलाले पनि पुरुषलाई सघाएको पाइन्छ । कतिपय कामहरूमा दलित समुदायमा ब्रामहण, क्षेत्रीको तुलनामा महिला पुरुषको समान सहभागिता निकै बढी पाइन्छ । घरायसी व्यवहार संचालन लोग्ने स्वास्नी बीच आपसी सल्लाहको आधारमा गरिने गरेको पाइन्छ ।

यसरी दलित जातिका महिलाहरूको अन्य पक्षमा भने उपल्लो जातिका महिलाहरूको तुलनामा पछाडि परेका छन् । शैक्षिक सामाजिक, राजनैतिक, सांस्कृतिक, स्वास्थ्य, रोजगारी, आदि क्षेत्रमा उनीहरूको पहुँच कम देखिन्छ । त्यस्तै सांस्कृतिक तथा धार्मिक रुढीवादी परम्पराका कारण खुलेर समाजका गतिविधिमा उनीहरू आउन सकेका देखिदैनन्, अर्को तर्फ आर्थिक अवस्था कमजोर भएका कारण उपल्लो जातिका घरमा गएर काम गर्ने र त्यहाँबाट प्राप्त खाद्यान्न तथा पैसाले जीवन धानीरहेका हुनाले समाजका गतिविधिमा उनीहरूको पहुँच वर्तमान अवस्थासम्म पनि पुग्न सकेको छैन ।

विभिन्न संघ संस्थ तथा NGO/INGO मार्फत् अहिले विपन्न तथा दलित महिलाका लागि कार्यक्रम संचालन गर्दै आएकाले केही सामान्य लेखपढ गर्न जान्ने महिला आमा समुह गठन गर्दै कमजोर महिलालाई समाजका विभिन्न गतिविधिमा लाग्न पूर्नवल दिइरहेका छन् । यसरी निष्कर्षमा भन्दा शिक्षा तथा आर्थिक अवस्थाबाट कमजोर 'दलित' महिलाको अवस्था कमजोर नै रहेको अध्ययनबाट देखिन आउँछ ।

### ४.३.५ सामाजिक, राजनीतिक चेतना

समाजमा धर्म, जाति, लिङ्ग, वर्ण, पद, पेशा आदिको आधारमा भेदभाव गर्ने प्रचलन अझै हटिसकेको अवस्था छैन । एउटै पुर्खाको सन्तानको रूपमा विकसित हुँदै आएको मानव जातिमा अझै पनि एकातिर सामाजिक न्यायलाई अंगाली रहेको छ भने अर्कोतिर "जसको लाठि उसको भैसि" भन्ने भावनालाई प्रर्दशित गरिहेको देखिन्छ । समाज मा अवसर पाउने वर्गले अवसर नपाउने वर्गलाई शोषण गरिरहेका छन् । दिन प्रति दिन बढ्दै गइरहेको अन्याय र असमानताको सिकार दलित जातिहरू भइरहेका छन् । शिक्षा र चेतनाको अभावले लामो समयदेखि थिचिएका दलितहरू उपल्ला जातिका मानिसहरूसँग अझै आमुन्ने सामुन्ने गर्न डराउँछन् । यसरी एकातिर रुढिवादी परम्परा र संस्कृतिबाट पिल्सिएका छन् भने अर्कोतिर विकासका कार्यहरूलाई आफ्नो हित र भलाइका लागि प्रयोग गर्न सकिरहेको अवस्था छैन । विरामी पर्दा अन्धविश्वास र धामी झाक्रिको प्रयोग गर्ने यिनीहरू भूतप्रेत र इश्वरिय धारणा प्रति बढी विश्वास गर्दछन् । त्यस्तै यस जातिको जग्गा जमिनमा स्वामित्व एकदम कम भएकोले अरुको जमिन कमाई गर्दा यिनीहरूमा साहु महाजनहरूमा आसीत हुनु परेकोले यिनीहरूमा चरम राजनीतिक दमन पनि परिरहेको छ । अशिक्षित दलितहरू राजनीति क्षेत्रमा स्वस्फुर्त रूपमा भन्दा पनि स्थानीय टाठावाठा नेताहरू संलग्न भएका राजनीतिक पार्टीको दाउपेचमा भोटका हतियार भएका छन् । कुनै निश्चित राजनीति आस्थावान नभई, किन्ने र बेच्ने प्रचलनमा रहेको देखिन्छ । वर्तमान समयसम्म आउँदा पनि आफुसँग जनसंख्या बढी भए पनि दलितहरू वडा सदस्य भन्दा माथिको राजनीति स्थान लिन नसक्नु अन्याय पूर्ण व्यवहार भएको मानिन्छ ।

### ४.३.६ दलित जातिको भाषा, धर्म तथा रहन सहन र भेषभूषा

यस बझाङ्ग कफलसेरीमा बसोबास गर्ने दलित जातिको अलग्गै भाषा छैन । यिनीहरू प्रायः नेपाली भाषा र बझाङ्ग स्थानीय भाषा (बझाङ्गी) भाषा बोल्ने गर्दछन् । धर्मका कुरा गर्दा यिनीहरू परम्परादेखि हिन्दु धर्म मान्दै आएका छन् ।

त्यस्तै यिनीहरूको रहन सहनमा पनि सुदूरपश्चिमेली संस्कृति कै परम्परामा खानपिनमा दालभात, तरकारी, रोटी खाने गर्दछन् भने कुखुरा, खसी, भैसी, आदि कुराहरू मुख्य मुख्य चाडपर्वमा खाने गर्दछन् । यसैगरी यिनीहरू पशुपालन बढी मात्रामा गर्ने भएकोले दुधबाट बन्ने सम्पूर्ण परिकार पनि खाने गर्दछन् । यसरी पोशाकको कुरा गर्दा यिनीहरूका महिला गुन्यू, चोलो, गादो, सारी, ब्लाउज, पेटिकोट, स्वीटर, जाकेट, चप्पल जस्ता लगाउने गर्दछन् भने पुरुषहरू कोट, पैन्ट, सर्ट, दाउरा सुरुवाल आदि कपडाको प्रयोग गर्दछन् ।

### ४.३.७ दलित जातिको जीवन, संस्कार र पर्वहरू

मानिस जन्मेदेखि मृत्यु प्रयत्न विभिन्न माध्यमबाट अनेकन संस्कार गर्ने जातिमा पर्दछ । मानिस र पशुलाई विभेदिकरण गर्ने तत्त्व नै संस्कार हो । पशु संस्कार विहिन हुन्छ भने मानिसहरू समय-समयमा विभिन्न संस्कारमा आवद्ध भइरहेका हुन्छन् । मानिसले आप्नो जीवनभर र आफ्नो मृत्युपछि पनि गरिने कामलाई जीवन चक्र भनिए पनि यसभित्र अनेकौ उपचक्रहरू पर्दछन् । हिन्दु धर्मको पुराणहरू मनुस्मृतिम वर्णित देवकार्य र पितृकार्यलाई महत्त्व दिन्छन् । मनुष्यलाई शुद्धयाउन जन्म संस्कार ब्रतबन्ध विवाह आदि गरिन्छ । दलित जाति पनि समाजमा माथिल्ला जातिहरूले गर्नेसस्ंकार केहि मात्रामा गर्ने भएता पनि अन्य जातिको तुलनामा अलि फरक रहेको छ ।

यसरी दलित जातिमा जन्म संस्कार अन्तर्गत महिला गर्भवती भएको दिन महिलालाई घरको अलगै स्थानमा राखी कसैले छुन नहुने चलन छ भने सुत्केरी भएको दिनदेखि ११ दिनसम्म सुत्केरी वार्ने परम्परा विद्यमान छ । ११ दिनपछि सुत्केरी महिलाले आफ र बच्चालाई नुहाई पुरोहितलाई बोलाएर गहुँत (गाईको पिसाव) ले पवित्र भई नवजात शिशुको जन्म कुन्डली अनुसार नामाकरण गरी चोख्याउने चलन रहेको छ । बालकको

न्वारन गर्दा घरमा होम गर्ने, धान, चामल, जौ, तिल, कुश, गाईको दुध, घिउ आदिको प्रयोग गरी विभिन्न मन्त्रको उचारणबाट बालकको न्वारन कार्य सम्पन्न गरिन्छ ।

यसरी चाडपर्वको बारेमा चर्चा गर्दा दलित जातिमा विभिन्न समय तथा तिथि मितिमा आ-आफ्नै परम्परा अनुसार संचालन गरी मनाउँदै आएका छन् । यस जातिमा विशेष गरेर दशैं-तिहार, चैते दशै, कृष्णाष्टमी, विषुपर्व, माघेसंक्रान्ति, भाँडे संक्रान्ति (गावे संक्रान्ति) आदि चाडपर्व बनाउने गरेको देखिन्छ । विशेष गरेर गावे संक्रान्तिमा यिनीहरू विहानै, पिडालुको पात तथा फलामले बनेको सियो, हसियाँ लिएर उपल्लो जातिको घर-घरमा गएर गाउँदै, बजाउँदै नाच्दै विभिन्न खाद्यान्न, आर्थिक, वस्तुहरू मागेर तिहार बनाउने चलन यस जातिमा रहेको छ ।

ब्रतबन्ध र विवाहको सम्बन्धमा यो जाति ब्राह्मण क्षेत्री जस्तो जनै नचलाउने जाति भएकोले यस जातिको अन्य जाति जस्तो ब्रतबन्ध हुँदैन । विवाहको कुरा गर्दा यस जातिमा आफ्नै परापूर्वदेशि चलि आएका जाति, लोहार, चुनारा, ओखेडा, पार्की, ओड, भुल, कामी, आदि थरको आफ्नै स्तरका जातजातिमा एक आपसमा हिन्दु संस्कार अनुसार विवाह गर्ने चलन रहेको छ । अधिकांश दलित जातिमा पनि मागि विवाह नै प्रचलनमा रहेको छ भन्ने कहि कतै केही मात्रामा प्रेम अथवा भागी विवाह पनि गर्ने गरेको पाइन्छ ।

यसरी निष्कर्षमा भन्नु पर्दा दलित जातिको उत्पत्ति आर्य समाजबाट भएकोले यिनीहरूको विशेष परम्परा भने आफ्नै अलग्गै प्रकारको रहेको कुरा अध्ययनबाट स्पष्ट रूपमा देखिएको छ । आर्थिक, शैक्षिक तथा सामाजिक सांस्कृतिक कारणले पछाडि परिरहेकाले विचार हुँदाहुँदै पनि समाजमा अगाडि आउन सकिरहेको स्थिति देखिदैन ।

## अध्याय पाँच

## दलित जातिको हैसियत निर्धारणमा आर्थिक अवस्था

मानिसलाई आधारभुत आवश्यकता पुरा गर्न आर्थिक अवस्थाले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । वर्तमान समयमा आएर आर्थिक अवस्थाले समाजमा निकै महत्त्व पाउँदै आएको छ । आर्थिक अवस्थाले समाजमा व्यक्तिको हैसियतसँग तुलना गरेको पाइन्छ । आर्थिक अवस्थाले नै मानवको आफ्नो जीवन स्तर सुधार गरी उन्नत भविष्यतिर डोऱ्याउन सहयोग गर्दछ । आर्थिक क्रियाकलापबाट नै सामाजिक, सांस्कृतिक, शैक्षिक औद्योगिक र वैज्ञानिक जस्ता क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ । मानव सभ्यतालाई आर्थिक पक्षले यति धेरे जकडी दिएको छ कि उ त्यसबाट उम्केर, भाग्ने नै सक्दैन । जीवनलाई गुणस्तर बनाउन विभिन्न पेशा, व्यवसाय अपनाउन बाध्य हुन्छ । यसरी वर्तमान समयमा दलित जातिको आर्थिक अवस्थाको कुरा गर्दा कृषि, पशुपालन, ज्याला मजदुरी, विदेश गई पैसा कमाउने, उपल्लो जातिको घरमा गई विभिन्न क्षेत्रमा काम गरी त्यहाँबाट प्राप्त पैसा तथा खाद्यान्न उपलब्ध गराई घरपरिवार पालिरहेका छन् । त्यस्तै गाउँमा आउने विभिन्न निर्माणका योजनाहरूबाट अस्थायी रूपमा मजदुरी गरी जिविको पार्जन गरिरहेका छन् । वर्षभरि ३ महिनादेखि ६ महिनासम्म मात्र खानलाई पुग्ने दलित जातिले अरु महिला उपल्लो जाति तथा ज्याला मजदुरीको मुख ताकेर बसिरहनु परिरहेको छ । त्यसैगरी वर्ष भरी उपल्लो जातिको घरायसी तथा कृषि कार्यमा लाग्दा कुनै पार नलाग्ने भएपछि आजभोलि परम्परागत पेशालाई छोड्दै कृषि पशुपालन ज्याला मजदुरी आदि विविध आम्दानीका स्रोत समात्न बाध्य छन् । तसर्थ दलितहरूको कमजोर र दयनिय आर्थिक अवस्थाले पनि उनीहरूको समाजमा न्यून हैसियत निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ भन्न सकिन्छ ।

### ५.१ कृषि

खेती गरेर खानको लागि प्रयाप्त र उर्बरा जमिन नभएता पनि दलित जातिले जिविको पार्जनको आधार कृषि नै रहेको पाइन्छ । उनीहरुले अर्को भरपर्दो पेशा नपाएर परम्परागत पेशालाई त्याग्न सकेका छैनन् । आफूसँग प्रयाप्त मात्रामा जग्गा जमिन नहुँदा अरुको जग्गामा अधियाँ तथा ठेक्का पनि लिने गरेको पाइन्छ । यसरी अरुको जग्गामा ज्याला मजदुरी गर्न हली भई काम गर्न फर्ममा काम गर्ने, आदि कार्य गर्दागर्दै पनि प्राप्त उत्पादनले वर्षभरी खानुलाई नपुगेपछि अन्य विकल्पको खोजिमा लागेका छन् । तैपनि

दलितहरू सित अरुको तुलनामा प्रयाप्त जमिन नभएका कारण पनि अरु उपल्ला जातिमा आश्रित रहनु परेको छ र त्यसै कारण दलितहरूले उपल्ला जाति सरह समाजमा आफ्नो हैसियत स्थापित गराउन नसकेको अवस्था यस अध्ययनबाट  भेटिन्छ ।

## ५.२ हलिया र अधियाप्रथा

आफूसँग प्रसस्त मात्रामा खेतीको लागि जमिन नहुँदा जिविको पार्जनका लागि अधिकांस दलितहरू खेतिपाति बाहेकको समयमा छिमेकि देश भारतका बिभिन्न सहरहरु मा गई ज्याला मजदरी गर्ने गर्दछन भने खेतिपाति को समयमा आफुभन्दा उपल्लो जातिको हलि र अधियाँ कमाइ त्यहाँबाट प्राप्त खाद्यान्नले पेट पाल्न बाध्य भएका छन् । हलि भई दिए वापत १ वर्षको २ पटक धान, गहुँ, कोदो, मकै आदि खाद्य वाली जग्गा धनीबाट प्राप्त गरी गुजरा गरिरहेका छन् भने कसै कसैले आफु तथा श्रीमतीलाई पनि अरुको घरमा काम गर्ने कामदारको रूपमा राखेर घरपरिवार पालेका छन् । त्यस्तै जमिन बढी भएका जग्गा धनीको जमिन अधियाँ खाएर पनि आधारभूत आवश्यकताको पूर्ति गरिरहेका छन् ।

## ५.३ ज्याला मजदुरी

आर्थिक उत्पादनको लागि आफ्नो परम्परागत पेशा तथा कृषिबाट खानलाई नपुग्ने भएपछि दलित जातिका पुरुष तथा महिलाहरू अरुको ज्याला मजदुरी गरेर पेट पालिरहेका छन् । पुरुषहरू हलो जोत्ने, आली लगाउने, खोद्ने, खेत गोड्ने, धान तथा गहुँ काट्ने गर्दछन् भने कृषि बाहेक अन्य विकास निर्माणका कार्यमा भारी बोक्ने, माटो बोक्ने, ढुङ्गा, गिट्टि, बालुवा, काठ निर्माण तथा ढुवानी, सिकर्मी, डकर्मी आदि कार्य गर्न को साथै खेतिपातिको सिजन बाहेक को समयमा नजिकको छिमेकि देश भारतका विभिन्न सहरहरु मा गएर ज्याला मज्दरी गरी प्राप्त आयआर्जन बाट जिबिकोपार्जन गर्ने गर्दछन भने महिलाहरू धान, मकै रोप्ने गोड्ने देखि अन्य उपल्लो जातिको घरमा गएर भारी बोक्नेसम्म कार्य गरी जिविको पार्जन गरिरहेका छन् ।

## ५.४ पशुपालन

यसरी दलित जातिको आम्दानीको मुख्य श्रोत पशुपालन पनि रहेको छ । गाई, गोरु, भैसी, बाखा, कुखुरा, प्रायः सबै परिवारले पालेका हुन्छन् । हाम्रो देशको सन्दर्भमा कृषि पेशासँग पशुपालन पनि जोडिएर आउँछ । कृषिका लागि आवश्यक पर्ने मल पशुपालनबाट

प्राप्त हुन्छ । जोत्नका लागि आवश्यक पर्ने गोरु पनि पशुपालनबाट उपलब्ध हुने भएकोले थोरै मात्रामा भए पनि प्रत्येक परिवारमा पशुपालन गरेको अध्ययनबाट भेटिएको छ ।

## ५.५ दलित जातिमा भु-स्वामित्व

दलित जातिहरू पशुपालन कृषिमा आश्रित भएता पनि उनीहरूसँग आफ्नो लागि खेती गर्नको लागि प्रयाप्त मात्रामा जमिन नभएकाले भू-स्वामित्व भने कमजोर रहेको पाइन्छ । आफुसँग जग्गाको नाममा पाखो वारी मात्र भएकोले उनीहरूले अरुको अधिया खेती गर्दछन् । कुनै परिवारमा खेतीपातीको लागि कुनै पनि जग्गा जमिन नभएर सुकुम्बासी बन्नु परेको छ । यसरी घरधुरीको आधारमा जग्गाको विवरणलाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४**

**घरधुरीको आधारमा जग्गाको विवरण**

| क.सं. | जग्गाको विवरण रोपनीमा | घरधुरी संख्या |
|---|---|---|
| १. | सुकुम्बासी | ० |
| २. | १ देखि ५ रोपनी | ५६ |
| ३. | ५ देखि १० रोपनी | २१ |
| ४. | १० भन्दा माथि | ६ |
| | जम्मा | ८३ |

स्रोत : गा.वि.स. प्रतिवेदन २०७२ ।

प्रस्तुत तालिकामा घरधुरीको आधारमा जग्गाको विवरणको विश्लेषण गर्दा सुकुम्बासी अर्थात् आफ्नो जग्गा जमिन नभएका ४ परिवार १ देखि ५ रोपनीसम्म जग्गा भएका सबैभन्दा बढी ५२ वटा परिवार क्रमशः त्यसपछि ५ देखि १० रोपनी भएका २१ परिवार र १० रोपनीभन्दा बढी जग्गा जमिन भएका ६ परिवार रहेका छन् । यसरी आफुसँग भएको जमिन पनि खेतवारी भन्दा पाखो अथवा भिरालो बढी भएको उब्जनिको कुरा गर्दा त्यो पनि न्यून रहेको छ । यसरी तालिकाबाट प्रष्ट हुन्छ कि जमिनको वितरण असममान र भएको जमिनबाट खान नपुग्ने हुँदा यहाँका दलितहरू जमिन्दार तथा माथिल्लो जातका मानिसहरू सित आश्रित हुन बाध्य छन् ।

## ५.६ खाद्यान्नको प्रयाप्तता विवरण

समाजमा सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक रोजगारीको क्षेत्रमा पछाडि परेर समाजमा न्यून हैसियतमा रहेका दलित जातिको खाद्यान्नको स्थितिमा पनि सन्तोषजनक अवस्था देखिदैन । खेती गर्नको लागि उपयुक्त खेती योग्य जमिन नभएको न त खाद्यान्न किनेर खानको लागि प्रसस्त मात्रामा आम्दानी भएको यी विविध समस्याबाट पिडित दलितहरू वर्षेनी भोकमरी र उचित खाद्यान्नको समस्याले कुपोषण भई शिशु मृत्यु दर तथा मातृ मृत्यु दर बढी भएको कुरा देखिन आउँछ । मानिसलाई दैनिक आवश्यक पर्ने २२५० क्यालोरी शक्ति भए पनि दलित जातिको अवस्था बुझ्दा १४०० क्यालोरी पनि परिपूर्ति हुन नसकेको स्थिति उनीहरूको अवस्थाले देखाएको छ । यसरी खाद्यान्नको अवस्थालाई तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका ५**

**दलित जातिमा खाद्यान्नको प्रयाप्तता**

| क्र.सं. | खान पुग्ने अवधि | घरधुरी संख्या |
|---|---|---|
| १. | ०-३ महिनासम्म | ५६ |
| २. | ३-६ महिनासम्म | २१ |
| ३. | ६-१२ महिनासम्म | ६ |
| ४. | १२ महिना वा सो भन्दा माथि | ० |
| | जम्मा | ८३ |

स्रोत : गा.वि.स प्रतिवेदन २०७२ ।

# अध्याय छ

## दलित जातिको हैसियत निर्धारणमा शिक्षा

शिक्षा मानव जीवनको अमुल्य गहना हो । मानव चेतना र शिक्षाकै कारण संसारकै सर्वश्रेष्ठ प्राणीको रूपमा आफुलाई उभ्याउन सफल भएको छ । शिक्षाको विकास र विस्तार विना कुनै पनि पक्षमा विकासको कल्पनासम्म पनि गर्न सकिदैन । यसरी अध्ययन बझाङ्ग, कफलसेरी वडा नं. २, ३, ५ मा बसोबास गर्ने दलित जातिको शैक्षिक कुरा गर्दा तुलनात्मक रूपमा कमजोर रहेको छ । सामाजिक र सांस्कृतिक रूपमा अछुत मानिएका दलित जाति शैक्षिक क्षेत्रमा पछाडि छन् । यसका विभिन्न कारण मध्ये चेतनाको अभाव, शिक्षाको महत्त्वलाई बुझ्नसक्नु, कमजोर आर्थिक अवस्था, विद्यालय भर्नामा शुल्क तिर्न नसक्नु सांस्कृतिक तथा जातीय विभेदका कारण दलित जातिहरू शिक्षाबाट वञ्चित भएको कुरा अध्ययनबाट देखिन आउँछ । अर्को कुरा दलित जातिमा व्याप्त गरिवीले गर्दा बाबु आमा ज्याला मजदुरीमा गएका बेला विद्यालय जाने उमेर समूहका केटाकेटी कोही वनपाखा मेलापात जाने गर्दछन् भने कोही घरमा भाइवहिनीको हेरचाहमा व्यस्त रहेका हुन्छन् । यसरी विद्यालय उमेरको धेरै जसो बालबालिकाहरू विद्यालय नगएका घर तथा मेलापात जाने गरेका छन् भने विद्यालय गएका मध्य धेरै बालबालिकाहरू पनि कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने प्रवृतिले गर्दा दलित समुदायको शिक्षााको अवस्था नाजुक रहेको छ । शैक्षिक स्थिति कमजोर भएका कारण अहिलेसम्म पनि कुनै पनि सरकारी तथा गैर सरकारी क्षेत्रमा दलित समुदायको उपस्थिति भएको देखिदैन । यसरी दलितहरूको शिक्षामा न्यून उपस्थिति र अशिक्षित भएका कारण समाजले उनीहरूलाई सतियो देखि लाध्दै आएको असमान व्यवहार, परम्परागत मान्यता र समाजमा आफुहरूको न्यून हैसियतलाई सहज रूपमा सुइकार्दै भाग्य बादी चिन्तन पनि बोकेको पाइन्छन् भने अशिक्षित भएकै कारण दलितहरू अरु जातिको तुलनामा समाजका हरेक निकायमा आफ्नो उपस्थिति राख्न पनि सकिरहेका छैनन् र यस अर्थमा पनि उनीहरूको समाजमा न्यून हैसियत स्थापित गएको कुरा यस अध्ययनबाट बुझ्न सकिन्छ । दलित जातिको शैक्षिक अवस्था तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ६**

**दलित जातिको शैक्षिक अवस्था (६ वर्ष माथिका)**

| क.सं. | कक्षा | साक्षर संख्या | | निरक्षर संख्या | |
|---|---|---|---|---|---|
| | | पुरुष (जना) | महिला (जना) | पुरुष (जना) | महिला (जना) |
| १. | १–५ | ९६ | २३ | १५५ | २५८ |
| २. | ६–१० | १८ | ६ | | |
| ३. | ११–१२ | ७ | ० | | |
| ४. | १२+ | ३ | ० | | |
| | जम्मा | १२४ | २९ | १५५ | २५८ |

स्रोत : गा.वि.स प्रतिवेदन २०७२ ।

प्रस्तुत दलित जातिको शैक्षिक अवस्था हेर्दा ८० प्रतिशत भन्दा बढी जनसंख्या निरक्षर रहेको पाइन्छ भने बाँकि पनि आधारभूत तथा प्राथमिक शिक्षामा मात्र सिमित पाइन्छ । त्यसैगरी उच्च शिक्षा हासिल गर्ने दलितहरूमा १, २ जना भेटिए पनि उच्च शिक्षा लगभग सुन्य अवस्थामा नै रहेको छ भन्न सकिन्छ । यसरी दलित जातिको शिक्षामा न्यून उपस्थिति हुनुको कारण उनीहरूको न्यून आर्थिक अवस्था र चेतनामा कमि हुनु रहेको भन्न सकिन्छ । जसमा यस अध्ययन क्षेत्र वडा नं. २, ३, ५ मा बसोबास गर्ने दलितहरूको जनसंख्या हेर्दा महिलाहरू २८७ र पुरुषहरू २७९ गरी जम्मा ५६६ रहेका छने भने ती मध्य प्राथमिक तहमा अध्ययन गर्ने पुरुष ९६ जना, महिला २३ जना रहेका छन् । ६ कक्षादेखि १० कक्षासम्म अध्ययन गर्दै पुरुष १८, महिला ६ रहेका छन् । यस तथ्याङ्कको आधारमा भन्न सकिन्छ कि कुल जनसंख्याको न्यून रूपमा मात्र शिक्षामा सहभागी यहाँका दलितहरूमा पुरुषको तुलनामा महिलाहरू अझै धेरै कम मात्र रहेको पाइन्छ ।

## ६.१ दलित जातिको शिक्षाप्रतिको अवधारणा

पारिवारिक सर्वेक्षण अवलोकन अन्तरवार्ता, प्रश्नावली छलफल आदिको प्रयोगबाट बझाङ्ग कफलसेरी गा.वि.स.का दलित जातिको बारेमा अध्ययन गर्दा उनीहरूको विद्यालयप्रतिको अवधारणा यति सन्तोषजनक पाइएन । अधिकांश अशिक्षित समाज भएकोले

चेतनाको कमि भएका अशिक्षित व्यक्तिबाट केटाकेटीलाई विद्यालय पठाउँदा उल्टो वेफाइदा हुने कुरा बताए किनकि घरायसी कामतिर लागेको भए विहान बेलुका खाना खान पाइन्छ । विद्यालय गयो भने के पाइन्छ ? जस्तो प्रतिक्रिया दलित अभिभावकहरूबाट पाइयो । त्यसमा पनि छोरीलाई विद्यालय पढाउँदा बीचमै विद्यालय छोडेर भागेर (पोइल) जाने हुनाले विद्यालय पढाउनु भन्दा घर धन्दाको कार्य गर्दा पछि उनीहरूलाई कुनै दुःख हुँदैन । आफ्नो परिवार आफै पाल्न सक्छन् भनेर एक जना अभिभावकले अन्तरवार्तामा बताएका छन् । त्यस्तै महिला अभिभावकले पनि छोरालाई विद्यालय पठाए पनि छोरीलाई विद्यालय लगाउनु भनेको त आफुलाई दुःख दिनु हो भनेर बताउँछन् । यसरी केही अभिभावकबाट त्यस्ता प्रतिक्रिया आएता पनि शिक्षा प्रति चेतना भएका शिक्षित अभिभावकबाट भने हामीले नपढेर दुःख पायौ अर्काको घर घरमा गएर मागी खाने श्रमिक भयौ, तर हामीले जस्तो दुःख पाए पनि हाम्रो भावी सन्ततीको लागि पनि हामी अरुको घरामा मागेर केटाकेटीलाई पढाउने पक्षमा छौ र छोराछोरी दुबै सन्तान हुन् हामीले कुनै भेदभाव राख्नु हुँदैन भनेर प्रतिक्रिया दिन्छन् ।

यसरी कुल विद्यालय जाने उमेरको केही संख्यामा मात्र विद्यालय जाने गरेका छन् त्यसमा पनि छात्राभन्दा छात्रहरू बढी देखिएको अवस्थामा विद्यालय तथा शिक्षा प्रति अभिभावकहरू चेतनशील नभएको पाइयो । आमा बाबु दिनभर अर्काको ज्याला, मजदुरी गरेर दिन बिताउने गरेका छन् भने केटाकेटी पनि घरायसी काम, बस्तुभाउ चराएर दिन बिताइ राखेको स्थिति छ । आर्थिक, सामाजिक, राजनीतिक, भौगोलिक, रुढीवादी तथा अन्धविश्वासका कारण सदियौदेखि तिनीहरू हेपाहा र थिचोमिचोमा परेर उपल्लो जातिका घर घरमा गइ मजदुरी गरेर शिक्षाको उज्यालो घामबाट वञ्चित भई अशिक्षा अज्ञानता तथा असामाजिकपनको सृजना गरी पशु सरह जीवन जिउन बाध्य छन् । राज्यबाट आएका योजनाहरू पनि उच्च वर्गकै व्यक्तिले संचालन गरी उनीहरूले नै फाइदा उठाउने गरेको कुरा यस अध्ययन क्षेत्रका दलित बासिन्दाहरूको प्रतिक्रिया रहेको छ ।

यसरी शिक्षाप्रति अभिभावकको अवधारणाको कुरा गर्दा जुन परिवारका अभिभावक शिक्षित चेतनशील छन् कुनै नोकरी व्यापार तथा व्यावसायमा आवद्ध रहेका छन् । उनीहरूबाट केटाकेटीलाई विद्यालय पढाउनु पर्दछ । समय समयमा यिनीहरूको उपलब्धी स्तर शैक्षिक सहभागिता, कक्षा छाड्ने दर, दोहोऱ्याउने प्रकृति लगायत आदि समस्याको बारेमा आफै विद्यालयमा गएर सरोकार राख्नु पर्छ भनी प्रतिक्रिया दिएका छन् भने अर्को

तर्फ शिक्षाबाट वञ्चित वा अशिक्षित परिवारका पुरुष तथा महिला अभिभावकबाट शिक्षाप्रति सकारात्मक धारणाको विकास भएको छैन । उनीहरूले विद्यालयलाई दुःख दिने स्थानका रूपमा व्याख्या गर्दछन् । विद्यालय भनेको त केटाकेटी विगारेर हामीलाई दुःख दिने थलो हो भनेर स्थानीय दलित अशिक्षित अभिभावकले व्याख्या गरेका छन् । त्यसैले शिक्षित तथा शिक्षित सरोकारवालाले बेलैमा यी अभिभावकलाई सचेत पार्ने किसिमको वातावरण सिर्जना गरी ती शिक्षाबाट वञ्चित दलितहरूको जीवन स्तर माथि उठाउनु महत्त्वपूर्ण कार्य रहेको छ ।

# अध्याय सात

## सारांश र निष्कर्ष

### ८.१ सारांश

नेपाल सदियौदेखि विविध जातजाति बसोबास गर्दै आइरहेको इतिहास बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक परम्पराले देखाएको छ । पूर्वको मेचीदेखि पश्चिम महकाली तथा हिमाल, पहाड, तराईका विभिन्न क्षेत्रमा छरिएर रहेका यी जातजातिहरूको स्थान विशेष आ-आफ्नै विशिष्ट मौलिक परम्परा भाषा, धर्म, संस्कृति रहेको छ । यसरी प्रस्तुत अध्ययन सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको दुर्गम जिल्ला बझाङ्गको कफलसेरी गा.वि.स.का दलित जातिको समाजमा स्थापित हैसियत र उनीहरूको समाजमा न्यून हैसियत हुनुको कारण सम्बन्धी अध्ययन गरिरहेको छ । कफलसेरी गा.वि.स.मा दलितहरू पुस्तौ अघिदेखि बसोबास गरी परम्परागत पेशामा आवद्ध भइरहेका छन् । यस अध्ययनमा कफलसेरी गा.वि.स. २, ३ र ५ मा गरिएको अन्तरवार्ता, प्रश्नावली, पारिवारिक सर्वेक्षण अवलोकन आदिको माध्यमबाट गुणात्मक तथा संख्यात्मक विश्लेषणको आधारमा दलित जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक अवस्था अनुरूप उनीहरूको समाजमा स्थापित हैसियतको सार संक्षेप निम्न आधारमा प्रस्तुत गरिएको छ ।

मानव इतिहासमा मानिस-मानिस बिचको भेदभाव जातीय विभेदको भावना ठुलो जात सानो जात छुतअछुत, उपल्ला जातिको हैसियत उच्च तल्लो जातिको हैसियत समाजमा न्यून जस्ता प्रथाहरू मानव श्रृष्टिकालदेखि नभई मानवले आफैले बनाएको र वर्तमानमा पनि कामय रहेको छ । यसरी आर्य समुदायमा पर्ने विभिन्न जाति मध्ये अछुत ( पानी नचल्ने जाति) दलित जाति उपल्लो जाति भनिने ब्राह्मण, क्षेत्रीको सेरोफेरोमा बसी विभिन्न पेशा अपनाउँदै जीवन निर्वाह गरिरहेका छन् । अन्य जातिभन्दा केही कुरा भिन्न भएता पनि धेरै रितिरिवाज, धर्म, परम्परा, भने यस जातिको अन्य जातिसँग समान रहेका छन् । माथिल्लो जातिको सेवा गरी त्यहाँबाट प्राप्त पैसा तथा खाद्यान्नबाट घरपरीवार पालिरहेका दलितहरू वर्तमान समायमा आएर पनि औपनिवेसिक भई जीउन बाध्य भएका छन् । कृषि गर्न आफुसँग प्रसस्त जग्गा जमिन नहुँदा मजदुरी गरी जीवन निर्वाह गरिरहेका

छन् । आफुसँग भएको खेतीबाट वर्षभरि ३ महिना मात्र खानलाई पुग्ने भएकोले दलित जातिका महिलाहरू अन्य दिनहरू अर्काको घरमा गएर काम गरी त्यहाँबाट प्राप्त खाद्यान्नबाट पुरा गर्दछन् भने पुरुषहरू गाउँमा आउने विकास निर्माणका क्षेत्रहरूमा ज्याला मजदुरी, डकर्मी, सिकर्मी तथा भारत गएर पनि घर परिवार पालिरहेका छन् ।

संख्यात्मक रूपमा कफलसेरी गा.वि.स.को २, ३ र ५ नम्बर वडामा ५६६ दलित जातिका मानिसहरूमा २८७ महिला र २७९ पुरुष रहेका छन् । पुस्तौ पुस्तादेखि यस ठाउँमा बस्दै आएका दलित जातिको परम्परा, संस्कार, भेषभुषा, रितिरिवाज, हिन्दु धर्मबाट नै निर्देशित भएको छ । परम्परागत रूपमा जनै नचल्ने दलितहरूको विवाह आफ्नै स्तरको दलितहरू सित मात्र हुने गर्दछ । भाषाको दृष्टिकोणले बझाङ्गी मातृभाषा बोल्ने गर्दछन् भने पहिरनमा पुरुषहरू कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, कोट आदि लगाउने गर्दछन् भने महिलाहरू ब्लाउज, पेटिकोट, चोली, सारी, कुर्ता, सुरुवाल, पटुकी, गुनियो, आदि लगाउने गरेको पाइन्छ । यहाँको दलितहरूको पुर्खेउलि पेशा फलाम तथा विभिन्न धातुको काम, छालाको, काठको काम गर्ने रहेको छ भने कृषि तथा पशुपालन व्यवसायमा पनि यिनीहरू लागेको पाइन्छन् । आफुसँग प्रसस्त खेती नहुँदा हलिया, अधियाँ प्रथा पनि यस जातिमा रहेको छ । चाडपर्वका दृष्टिकोणमा दशैतिहार, कृष्ण जन्माष्टमी, गौरा, विसुपर्व, माघे संक्रान्ति, गाबे तिहार आदि रहेका छन् । यस जातिका महिलाहरू पनि पुरुष सरह विभिन्न काम धन्दामा सक्रिय हुने गरेका छन् । अरु उपल्ला जातिको तुलनामा यस जातिका महिलाहरू कामको सन्दर्भमा केही खुकुलो पाइन्छ । शिक्षाको दृष्टिले अरु उपल्ला जातिको तुलनामा दलित जातिको साक्षरता दर एकदम न्यून पाइन्छ । शैक्षिक चेतनाको कमीले गर्दा राज्यले दिने विभिन्न सुविधाबाट वञ्चित दलितहरू सरकारी संघ संस्थामा १ जना पनि कर्मचारी रहेका छैनन् ।

यसरी सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक पक्षहरूमा पछाडि रहेका दलितहरूको सामाजिक हैसियत सदियौ देखि वर्तमानसम्म पनि न्युन रहेको छ र आफ्नो समाजमा स्थापित न्यून हैसियतलाई स्वीकार्न यहाँका दलितहरू बाध्य छन् । समाजमा परमपरागत रुढीवादी धारणाका कारण दलित अछुत, पानी नचल्ने जाति भनेर विभिन्न स्थानमा अपहेलना गरेको कारण पनि उनीहरूमा पछौटेपन आएको देखिन्छ । त्यस्तै आर्थिक समस्या, चेतनाको अभाव, राज्यको लापरवाही, जातीय लिङ्गिय, वर्गीय तथा राजनीतिक दाउपेच आदि विविध समस्याका कारण यो जाति समाजमा पछाडि परिरहेकोले यस जातिका विविध

समस्याको पहिचान गरी राज्यले विविध क्षेत्रमा सुधार गरी अन्य जाति सरह राष्ट्रिय मूलधारमा ल्याउनु आजको आवश्यकता देखिएको छ ।

## ८.२ निष्कर्ष

यो जातिगत अध्ययन बझाङ्ग जिल्ला कफलसेरी गा.वि.स. वडा नं. २, ३, ५ का दलित जातिको समाजमा स्थापित हैसियत र यिनीहरूको हैसियत निर्धारण प्रभाव पार्ने तत्त्वहरूमा केन्द्रित रहेर गरिएको छ । देशले सकारात्मक कोलेटो फेरिरहेको परिपेक्षमा विभिन्न जनजाति दलित मधेशी आदिवासीहरूको स्तरोन्नती भइरहेको अवस्थामा दलित जातिको परिस्थितिमा भने कुनै अपेक्षा अनुरूप परिवर्तन भइरहेको देखिदैन । यस जातिको ऐतिहासिक पक्षको कुरा गर्दा आर्य समूह अन्तर्गत पर्ने इन्डोआर्य धर्मबाट प्रभावित जातिको रूपमा यसलाई लिइन्छ । यस जातिको अधिकांश मनिसहरू हिन्दु धर्म नै मान्ने गर्दछन् । परम्परादेखि कृषि पशुपालन व्यवसायमा लागेको यस जातिको तुलनात्मक रूपमा आर्थिक आम्दानी कम भएकोले अन्य समुदायमा तथा ज्याला मजदुरीमा भर परिरहेका छन् । वार्षिक आम्दानीले धेरै जसो परिवारको ३ महिनासम्म खानलाई पुग्ने भएको कारण बाँकी ९ महिना ज्याला मजदुरी तथा अन्य जातिका घरमा काम गरेर गुजारा गरिरहेका छन् । पशुपालनमा गाई, गोरु, भैसी, कुखुरा, भेडा, बाखा पाल्ने दलित जातिहरूले त्यसबाट पनि आर्थिक लाभ उठाएका छन् ।

पारिवारिक बनावट ब्राह्मण तथा क्षेत्रीबाट निर्देशित भएको दलितहरूको जारी विवाह, चोरी विवाह र मागि विवाह प्रचलनमा रहेको छ । महिलाहरूलाई लिङ्गिय विभेदिकरण तथा परम्परागत अन्धविश्वासका कारण महिनावारी तथा सुत्केरी भएको बेला घरको अलग्गै ठाउँमा कसैले नछुने गरी राखेर पछि ५/१० दिनपछि पवित्र मानिने गाईको गहुतबाट चोख्याएर मात्र लिने चलन रहेको छ । रितिरिवाज र चालचलनमा विभिन्न समयमा दशै, तिहार, बिसुपर्व, माघे संक्रान्ति, गाबे तिहार, कृष्णअष्टमी आदि पर्व बनाउने दलितहरूको खानाको स्तर, दाल, रोटी, भात, मकै, कोदो, फापर, आलु, व्याजबाट बनेको परिकार खाने गर्दछन् । पहिरनको अवस्थाको कुरा गर्दा दलित महिला साधारण तथा गुन्यु, चोलो, गादो, सारी, स्वीटर, जाकेट लगाउने गर्दछन् भने पुरुषहरू दाउरा सुरवाल, कोट, टोपी, पेन्टी, सर्ट, आदि पोशाक पहिरने गर्दछन् । शैक्षिक अवस्थामा अति नै कमजोर भएका दलित जातिहरू वर्तमान समयसम्म पनि उच्च शिक्षा हासिल गर्न नगन्ने मात्रामा नै छन् ।

विद्यालय जाने उमेर समुहका बालबालिका पनि चेतनाको कमि र आर्थिक अवस्थाको कारण विद्यालय नगएर घरायसी काममा नै सहभागी भएको पाइन्छन् । यसरी शिक्षाप्रति सकारात्मक धारणाको अभावका कारण अवोध गरिव निमुखा बालबालिकाहरू शिक्षाको उज्यालो छाँयाबाट वञ्चित भई अन्धकारको विवसतामा विवस भएर बाँचिरहेका छन् ।

समाजमा रुढीवादी परम्पराका कारण विद्यालय, पाटीपौवा, कार्यक्रम बैठक, सभा सम्मेलन पानी, पधेरामा जातीय विभेदीकरणका कारण अपहेलित व्यवहारको सिकार दलित जातिहरू समाजको हरेक तहमा न्यून हैसियतमा रहेका छन् । घरायसी स्थिति कमजोर भई आर्थिक रूपमा परनिर्भरता हुनुपर्ने समस्याले पनि अपहेलना सहनु पर्ने कुरा अध्ययनबाट देखिन आउँछ । राज्यले आफ्नो सम्पूर्ण पक्षमा समावेसीक गरी सम्पूर्ण वर्ग, लिङ्ग, जाति, धर्मलाई उच्च स्थान र कदर गर्न योजना लिए पनि दुर्गम जिल्लाका दलितहरूको परिस्थिति भने समस्यामूलक रहेकोले राज्यले त्यस पछि सजग रही दलित समुदायको विविध समस्यालाई पहिचान गरी सम्बोधन गरिएन भने लोकतन्त्रात्मक समावेशीक राज्यको अवमुल्यन र अपहेलना भएको मानिने छ ।

# सन्दर्भसूची

दुलाल, विष्णुभक्त (२०१०), *नेपालमा वर्ण व्यवस्था र वर्ग सङ्घर्ष,* काठमाडौं : समता फाउण्डेशन ।

दुलाल, विष्णुभक्त (२०१०), *हिन्दु समाजमा दलित मुक्तिको प्रश्न,* काठमाडौं : समता फाउण्डेशन ।

मिश्र, चैतन्य (२०१०), *दलित समस्या, राजनीति र अर्थतन्त्र,* काठमाडौं : समता फाउण्डेशन ।

Cameron, M. (1998). *On the edge of the auspicious*. Kathmandu: Mandala Publication.

Cameron, M. (2010). *Dalit of Nepal.* Kathmandu: Himalya Book.

Folmar, S. (2010). *Dalits of Nepal*, Kathmandu: Himalaya Books.

# अनुसूची -१
## अन्तरवार्ता प्रश्नावली

घरमुलीको नाम : ..................................................... उमेर : ..................
ठेगाना : ................................................................ शिक्षा :....................
लिङ्ग : ............................ धर्म : .....................
परिवार संख्या :.................

१. परिवारिक बनावटको सम्बन्धमा जानकारी :

| क्र.सं. | नाम | उमेर | लिङ्ग | | वैवाहिक स्थिति | शिक्षा | पेशा | आम्‌ |
|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

२. आर्थिक स्थिति सम्बन्धी जानकारी :
जग्गा जमिनको स्थिति/कृषि उत्पादन

| क्र.सं. | जग्गाको किसिम | जग्गाको क्षेत्रफल रोपनीमा | बाली उत्पादन | उत्पादित अन्नले कति महिना पुग्छ | कृषिबाट आर्थिक आम्दान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. पशु/पंक्षी पालनको अवस्था :

| क्र.सं. | पशु पंक्षीको किसिम | संख्या | आफ्ना वा अर्काको | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

४. अधियाँ जग्गा कमाईको अवस्था :

| क.सं. | जग्गाको किसिम | रोपनी | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची - २
## वस्तुगत प्रश्नावली

१. तपाइहरुको पुर्खौली थलो कहाँ हो ?

क) यही हो । ख) बाहिरबाट बसाई सर्नु भएको हो ।

२. बसाई सर्नु भएको भए कहाँबाट आउनु भएको हो ?

..............................................................................................................

...............

३. तपाई कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दु ख) बौद्ध ग) क्रिश्चियन घ) ईस्लाम

४. तपाइहरुलाई अछुत जाति भनेर कसले बनाएको ?

क) ठूला जातका मानिसले ख) भगवानले

ग) तपाईहरु आफैले घ) कसैले पनि होइन

५. तपाइ छोराछोरी कसालाई बढी माया गर्नु हुन्छ ?

क) छोरालाई ख) छोरीलाई ग) दुबैलाई घ) दुबैलाई होइन

६. तापाईको परिवार कस्तो प्रकारको छ ?

क) एकल प्रकारको ख) संयुक्त प्रकारको ग) मिश्रित प्रकारको

७. तापाईहरुको मातृभाषा कुन हो ?

क) नेपाली ख) गरुङ्ग ग) नेवारी घ) भोजपुरी

८. तापाईले कस्तो प्रकारको विवाह गर्नुभयो ?

क) मागी विवाह ख) प्रेम विवाह ग) जारी विवाह घ) विधवा विवाह

९. विरामी हुँदा उपचार गर्न कहाँ जानु हुन्छ ?

क) घरमै उपचार गर्नुहुन्छ ख) धामी झाक्री कहाँ जानुहुन्छ ग) अस्पताल जानु हुन्छ

१०. तपाईको मुख्य पेशा के हो ?

क) कृषि ख) व्यापार ग) नोकरी घ) ज्याला मजदुरी

११. तपाईसँग आफ्नो जग्गा कति छ ?

क) १ देखि ५ रोपनीसम्म ख) ५ देखि १० रोपनीसम्म

ग) १० रोपनी भन्दा बढी घ) कति पनि छैन

१२. तपाइलाई आफ्नो जग्गाबाट उत्पादित अन्नले कति समय खान पुग्छ ?

क) ३ महिना ख) ६ महिना ग) ९ महिना घ) १२ महिनाभन्दा बढि

१३. तपाइको मासिक आम्दानाी कति हुन्छ ?

क) रु.१००० सम्म ख) रु.१००० देखि १,५००

ग) रु.१,५०० देखि २००० घ) रु. २००० भन्दा माथि

१४. अरुको जग्गा अधिका कमाउनु भएको छ ?

क) छ ख) छैन

१५. तपाई कसैको हलिया वा कामदार बस्नु भएको छ ?

क) छ ख) छैन

# अनुसूची -३
## आर्थिक पक्ष सम्बन्धी प्रश्नावली

१. तापाइको आम्दानीको श्रोतहरु के के हुन् ?

.....................................................................................................

२. तपाइहरु प्राप्त आम्दानीलाई कुन-कुन क्षेत्रमा खर्च गर्नुहुन्छ ?

.........................................................................................................

३. तपाइको परम्परागत पेशा कुन-कुन हुन् ?

.........................................................................................................

४. आम्दानीको लागि तपाइहरु आवधिक बसाई-सराई गर्नुहुन्छ ? यदि गर्नु हुन्छ भने कहाँ र कति समयका लागि गर्नु हुन्छ ?

............................................................................................................

५. तपाइहरुले परम्परागत पेशालाई निरन्तरता नदिनका कारणहरु के के हुन् ?

..............................................................................................................

६. तपाइको आम्दानीको मुख्य भरपर्दो पेशा कुन हो ?

............................................................................................................

७. तपाइको समाजमा अरुको जग्गा कमाउने अधियाँ र हलिया प्रथा छ कि छैन ?

........................................................................................................

८. छ भने कस्तो कार्य गर्नु भएको छ ?

...................................................................................................

९. आर्थिक समस्या समाधान गर्न तपाइका महिलाहरु पनि सक्रिय हुन्छ कि ?

.....................................................................................................

१०. हुन्छन् भने कुन कार्यमा सक्रिय हुने गर्दछन् ?

....................................................................................................

# अनुसूची -४
# शैक्षिक पक्ष सम्बन्धी प्रश्नावली

साक्षरता विवरण फारम

| क्र.सं. | घरमुलीको नाम | निरक्षर | अनौपचारिक शिक्षा | कक्षा ५ भन्दा मुनि | ६ देखि १० कक्षासम्म | एस.एल वा सो माथि |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१. तपाइहरु छोराछोरीलाई विद्यालय पढाउने गर्नु हुन्छ कि हुन्न ?

...........................................................................................................

२. स्कुल पढाउदा छोरा वा छोरी मध्ये कसलाई प्राथमिकता दिनु हुन्छ ? वा समान हेर्नु हुन्छ ?

...........................................................................................................
....

३. बालबालिकाको विद्यालयको पढाइ प्रति कतिको चासो राख्नु हुन्छ ?

...........................................................................................................
....

४. उनीहरुका शैक्षिक समस्यालाई कसरी समाधान गर्नु हुन्छ ?

...........................................................................................................
......

५. शिक्षा प्रतिको अवधारणा कस्तो रहेको छ ?

...........................................................................................................
......

६. कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने बालबालिकाको अवस्थालाई कसरी हेर्नु भएको छ ?

...........................................................................................................
....

७. तपाईको विचारमा ओखेडा बालबालिकाले विद्यालयमा के कस्ता समस्या झेलीरहेका छन् ?

...........................................................................................................
....

८. ती समस्यालाई समाधान गर्न के गर्नु पर्ला ?

...........................................................................................................
......

९. अन्तमा विद्यालय शिक्षा सम्बन्धी केही भन्नु छ कि ?

...........................................................................................................
........

## अनुसूची -५
## सामाजिक सांस्कृतिक पक्ष सम्बन्धी प्रश्नावली

१. तपाइहरु कुन धर्म मान्नु हुन्छ?

..........................................................................................................

२. तपाइहरु आफ्नो जन्म संस्कार कसरी सम्पन्न गर्नुहुन्छ ?

..............................................................................................................

३. तपाइहरुको विवाह पद्धति कस्तो हुन्छ?

..............................................................................................................

४. तपाइको समाजमा अन्तरजातिय विवाहलाई कसरी हेरिन्छ?

......................................................................................................................

५. विधवा विवाह प्रति तपाइहरुको सामाजिक धारणा कस्तो छ?

.......................................................................................................................

६. तपाइको जातिमा कस्तो कस्तो विवाह प्रचलनमा रहेको छ?

.................................................................................................................

७. वहुविवाहलाई तपाइको समाजले कसरी हेर्ने गरेको छ?

.............................................................................................................

८. तपाइको जातिमा जारी विवाहको चलन छ कि छैन?

........................................................................................................

९. तपाइहरु मृत्यु संस्कार कसरी सम्पन्न गर्नुहुन्छ?

..........................................................................................................

१०. रजस्वला भएको समयमा महिलाहरु माथि गरिने व्यवहा सधै जस्तो हुन्छ कि फरक हुन्छ?

.........................................................................................................

११. तपाइको समुदायमा कुन-कुन चाडपर्व मनाउने गरिन्छ ?

...........................................................................................................

१२. चाडपर्वमा महिलाहरुलाई कस्ता-कस्ता कार्यमा सहभागी गराउनु हुन्छ ? र कस्ता कस्ता कार्यमा वन्देज गराउनु हुन्छ ?

.................................................................................................................

१३. तपाइको समुदायमा छुवाछुत प्रथा छ कि छैन?

.........................................................................................................

१४. छुवाछुत व्यवहार गर्दा तपाइको चित्त दुख्दैन?

..........................................................................................
...

१५. तपाइहरुको परम्परागत पोशाकहरु के के हुन् ? के आज भोलि पनि परम्परागत पोशाकलाई नै निरन्तरता दिइरहनु भएको छ ?

..........................................................................................
.........

१६. तपाइहरुका परम्परागत खानाको परिकारहरु के के हुन्?

..........................................................................................
.

१७. समाजले तपाइहरुलाई अछुत भनि पानी नचल्ने छोइछिटो गर्नु पर्ने जातिको रुपमा हेर्दछ यस बारेमा तपाईको के विचार छ?

..........................................................................................
...

१८. तपाइहरु कुन देवताको पूजा गर्नु हुन्छ?

..........................................................................................
.........

१९. धार्मिक कार्य सम्पन्न गर्नका लागि पुरोहित कसलाई मान्नु हुन्छ?

..........................................................................................
.

२०. पुजा गर्ने कार्यमा महिलालाई कसरी सहभागी गराउनुहुन्छ?

..........................................................................................
...

२१. भाग्य र कर्मप्रति कतिको विश्वास गर्नुहुन्छ ?

..........................................................................................
.........

२२. धामी झाक्रिप्रति कतिको विश्वास गर्नुहुन्छ?

..........................................................................................
.

२३. ओखेडा जातिले समाजम कस्ता कस्ता समस्या भोग्नुपरिरहेको छ?

..........................................................................................
...

२४. तपाइको विचारमा ती समस्या समाधान गर्न के के गर्नुपर्ला ?

..........................................................................................
.........